# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ४७, पूर्णाङ्क १४२ | २०७५ वैशाख २६ गते बुधबार | Wednesday, 9 May 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## भारतबाट नेकपाका नेता पक्राउ

■ रातो खबर संवाददाता/

नेपाल कम्युनिस्ट पार्टीका मोरङ जिल्ला समिति सदस्य तथा बुढीगंगा गाउँपालिकाका सेक्रेटरी सुरेश राई 'सागर' लाई भारतीय प्रहरीले दिल्लीबाट पक्राउ गरेको छ। लामो समयदेखि भारतको दिल्लीमा बसिरहेका परिवारलाई भेट्न गएको बेला राईलाई पक्राउ गरेको उनको पारिवारिक श्रोतले जनाएको छ। भारतीय अखबार द इकोनोमिक्स टाइमले भारतीय दूतावासमा शक्तिशाली बम विस्फोट गराउने मुख्य योजनाकारलाई भारतमा पक्राउ गरिएको भन्ने समाचार छापेको छ। तर, नेकपाले भने पारिवारिक भेटघाटमा रहेका आफ्ना कार्यकर्तालाई बिनाकारण गैर-न्यायिक तरिकाले

... बाँकी पृष्ठ ७ मा

## जीएमआर कम्पनी र कालिका कन्ट्रक्सनमाथि बम

■ रातो खबर संवाददाता/

लमजुङको मर्स्याङ्दी गाउँपालिकामा रहेको भारतीय कम्पनी जीएमआर कार्यालयमा बम बिस्फोट भएको छ। शुक्रबार मध्यरातमा भारतीय जीएमआर कम्पनीको कार्यालय रहेको भवनमा बम विस्फोट भएको हो। उता बाँकेको हवलदारपुरमा रहेको विक्रम पाण्डेको निर्माण कम्पनी कालिका कन्ट्रक्सनमा बम विस्फोट हुँदा उक्त कम्पनीमा ठूलो परिमाममा क्षति पुगेको छ। विस्फोटबाट कार्यालयमा क्षति पुग्नुका साथै, त्यहाँ रहेका सम्पूर्ण सामग्री जेनेरेटर, डोजर, अलकत्रा मिक्स्चर मेसिन जलेर नस्ट भए। पाण्डेको कन्ट्रक्सन कम्पनीमा यसअघि पनि बम विस्फोट भएको थियो। केही दिन पहिला मात्रै विराटनगरमा रहेको भारतीय कन्सुलर कार्यालयमा बम विस्फोट भएको थियो। विस्फोटबाट मानवीय क्षति नभए पनि कार्यालयमा ठूलो भौतिक क्षति पुगेको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमण आउने दिन नजिकिँदै गर्दा भारतीय कम्पनीहरू र उसका निकायमाथि हमला भएको हो। यस्तै चितवनको राप्ती नगरपालिका उपमेयर इमानसिंह लामाको घरमा

... बाँकी पृष्ठ ७ मा

# नेपालबन्द प्रतिरोधी संघर्षको रूपमा सफल : प्रकाण्ड



■ अम्बिका चन्द/काठमाडौं

वर्तमान ओली-दाहाल गठबन्धन सरकार नेकपाप्रति दिन-प्रतिदिन निर्मम बन्दै गएको छ। नेकपाका सयौं नेता-कार्यकर्तालाई पक्राउ गरी देशका विभिन्न जेल र हिरासतमा राखिएको छ। उनीहरूलाई झुठ्ठा मुद्दा लगाउने, बेपत्ता पार्ने, शारीरिक तथा मानसिक यातनासमेत दिने गरिएको छ। उसका खुल्ला सभा-सम्मेलनहरूमा समेत प्रहरीले दमन र धरपकड गरेपछि सो पार्टीका महासचिव विप्लवलगायत कतिपय नेता-कार्यकर्ता अर्धभूमिगतजस्तै छन्। उनीहरू सार्वजनिक कार्यक्रमहरूमा समेत कम देखापर्ने गरेका छन्।

यसैबीच सरकारले आफ्नो पार्टीमाथि निरङ्कुश शैलीमा दमन गरेको विरोधमा सो नेकपाले शनिबार नेपालबन्द गरेको छ। नेकपाले आह्वान गरेको नेपालबन्दको प्रभाव देशभरि नै पर्‍यो। बन्दको दिन लामो तथा छोटो दुरीका सवारी साधन ठप्प रहनुका साथै, उद्योगधन्दा-कलकारखानासमेत बन्द रहे। बन्दको दिन कैलालीको धनगढी, बाँकेको नेपालगञ्ज, सुर्खेतको वीरेन्द्रनगर, दाङको तुलसीपुर र घोराही, कपिलवस्तुको चन्द्रौटा र गोरुसिङ्गे, रूपन्देहीको बुटवल र भैरहवा, चितवनको भरतपुर, कास्कीको पोखरा, सुनसरीको इटहरी र धरान, झापाको विर्तामोड र काँकडभित्ता, मोरङको विराटनगरलगायत देशका ठूला-साना सहरहरू ठप्प रहे। तर, एम्बुलेन्सलगायत अत्यावश्यक सामान बोकेका सवारीसाधन भने संचालनमा रहे।

बन्दको अवज्ञा गरेको भन्दै कैयौं सवारी-साधनमा बन्दकर्ताहरूले तोडफोडसमेत गरिदिए। बन्द-पूर्वको दर्जनौं ठाउँमा बम विस्फोटका घटना हुनुका साथै, कतिपय ठाउँमा बमको त्रास दिनभरि नै रह्यो। शनिबार नेपालबन्दको पूर्वसन्ध्यामा लमजुङमा भारतीय कम्पनी

बाँकी पृष्ठ ४ मा

## पत्रकार सम्मेलनमा नाङ्गो प्रहरी हस्तक्षेप




अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घद्वारा आयोजना गरिएको पत्रकार सम्मेलनमा प्रहरीले हस्तक्षेप गरी ११ जनालाई पक्राउ गरेको छ। ट्रेड युनियन महासंघले कास्कीको पोखरामा हालै सम्पन्न छैटौं राष्ट्रिय सम्मेलनका निर्णयहरू सार्वजनिक गर्न काठमाडौंको संवाददबलीमा पत्रकार सम्मेलनको आयोजना

बाँकी पृष्ठ ४ मा

# ओली सरकारको अर्को राष्ट्रघात

## भारतलाई समानान्तर सरकार चलाउन अनुमति

■ रातो खबर संवाददाता/काठमाडौं

ओली दाहाल सरकारले काठमाडौंस्थित भारतीय दुतावासलाई ५ करोड रुपैयाँसम्म सिधै लगानी गर्न सक्ने अनुमतिलाई नवीकरण गरेको छ। पूर्ववर्ती देउवा सरकारका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भारतीय दुतावासलाई नेपाल सरकार र उसका स्थानीय निकायलाई नाघेर सिधै लगानी प्रावधानलाई नवीकरण नगर्ने निर्णय गरेका थिए। पूर्व अर्थमन्त्री तथा चितवन क्षेत्र नं १ का एमाले सांसद सुरेन्द्र पाण्डेले काग्रेसको सो कदम राम्रो भएको प्रतिक्रिया दिएका थिए। दिल्लीको दबाबमा 'साना अनुदान सम्झौता' को समयावधि ३ वर्ष थप गरिएको छ। भारतलाई सो सुविधा दिएपछि छिमेकी चीन र अन्य पश्चिमा देशहरूले पनि त्यस्तै सुविधा माग गर्दै आएका छन्। पूर्व अर्थमन्त्री कार्कीले 'देश नयाँ संरचनामा गएकोले पुरानै तरिकाले सोच्न आवश्यक नभएको' भन्दै नवीकरण नगर्ने जनाएका थिए। विभिन्न दुतावासलाई त्यसरी विकास निर्माणमा सहभागी गराउँदा समानान्तर सरकारको हैसियतमा कायम हुने भन्दै त्यसको विरोध हुँदै आएको थियो। ओली सरकारले भारतीय दुतावासका ती परियोजनाहरू सरकारको बजेट प्रणालीबाट लैजान भारत तयार भएपछि अनुमति दिएको बताएको छ तर परियोजनाको छनौट भारतीय दुतावासले नै गर्नेछ। देउवा सरकारको सकारात्मक निर्णयबाट पछि हट्दै घुमाउरो तरिकाले ओली सरकारले भारतलाई रिझाउने र देशको हितविरुद्ध निर्णय लिएको छ। 'साना अनुदान सम्झौता' अन्तर्गत २०६० सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा सरकारले ३ करोडसम्म मनमौजी लगानी गर्न सक्ने अनुमति भारतीय दुतावासलाई दिएको थियो। डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले सो सम्झौतालाई निरन्तरता दिँदै ५ करोडसम्म लगानी गर्न सक्ने गरी कदम बढाएको थियो। मोदीको नेपाल भ्रमणको पूर्वसन्ध्यामा देउवा सरकारले समेत 'केही संवैधानिक व्यवस्थाका कारण म्याद थप गर्न नमिल्ने' भन्दै रोकिरहेको अवस्थामा ओली सरकारले म्याद थपेको कारण देउवाद्वारा ओलीलाई 'लम्पसार राष्ट्रवाद' भनी गरेको आरोप नै पुष्टि गरेको छ। २०१७ अगस्ट ५ (२०७४ साउन २१) मा सो सम्झौताको म्याद सकिए पनि सरकारले म्याद थपेको थिएन।

ओली सरकारले 'राष्ट्रिय सदाचार नीति' लाई धोती लगाउँदै संविधानको धारा ५१ (घ) ११ लाई गलत व्याख्या गर्दै सो निर्णय

बाँकी पृष्ठ ७ मा

## धार्मिक अतिवादको खतरा



■ रातो खबर संवाददाता/

नेपालमा पछिल्लो क्रममा धार्मिक अतिवादको खतरा बढेर गएको छ। नेपालका परम्परागत धर्मभीरुहरूले नेपाललाई नाम मात्रको धर्मनिपेक्ष देश घोषणा गरिएको मन पराएका छैनन्। त्यसैले उनीहरूले केही न केही नाममा विभिन्न घटना घटाइराखेका छन्। त्यसैको एउटा डर लाग्दो घटना हो गत चैत २५ गते बिहान २ बजे विराटनगरको जतुवामा

... बाँकी पृष्ठ ७ मा

## भारतमा रहेका नेपालीहरू संगठित



■ किङ थापा/भारत

'नेपाली जनताको मुक्ति र राष्ट्र समृद्धि हाम्रो एक मात्र सपना हो नेपालीहरू - एक होऔं ! विचार संप्रेषण र सुदृढ संगठनको लागि प्रथम राज्य सम्मेलन सफल पारौं !' भन्ने नाराका साथ वैशाख २१-२२ गते भारतमा रहेका नेपालीहरूको संगठन 'प्रवासी नेपाली जनसमाज भारत' को संयुक्त राज्य सम्मेलन सम्पन्न भएको छ। सम्मेलनलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा कार्यालय सचिव

बाँकी पृष्ठ ७ मा

## माके-एमालेको समाजवाद र कुहिरोका काग

### देश/परिवेश

■ कञ्चन



एमाले-माके एकता 'ए ! कता ?' जस्तै भएको छ। कतिपय सन्दर्भमा यो कुहिरोका कागजस्तै रुमलिएको छ पनि। एकता नै सबथोक हो भन्दै जडसूत्रीय शैलीमा माके-एमाले गठबन्धनबाट क्रान्तिकारी कार्यदिशाबिनाको व्यापारिक एकता जसरी हल्ला गरिएको छ, त्यसको राजनीतिक औचित्य देशमा मुट्ठीभर दलाल पुँजीवादी राजनीतिक लुटेराहरूको लुटखसोटबाहेक अर्को केही हुनेछैन। देशमा समाजवाद स्थापना गर्ने, वास्तविक स्वाधीनताका लागि देशलाई एकताबद्ध गर्ने, देशमा राष्ट्रिय पुँजीको विकास गरी विश्व अर्थव्यवस्थामा आफ्नो स्थान बनाउने, जनतामा समृद्धि र राजनीतिक उन्मुक्ति पैदा गर्नेभन्दा यो एकता ती मुद्दाहरूको ठीक विपरीत देशमा दलाल पुँजीवादको बर्चस्व बढाउने, देशलाई अरू पराधीन बनाउने, जनतालाई अरू कंगाल बनाउने, एकाधिकार पुँजीवादीहरूको नंग्रा अझ गहिरो बनाउने, जनतामाथि अरू तानाशाही व्यवस्था थोपर्ने उद्देश्य यो एकतामा अन्तर्निहित रहेको छ। एकताको दाउपेचमा कुर्ची र कमाइको हिस्सेदारी प्रमुख मुद्दा बनेको स्पष्ट हुन्छ। के यो एकता प्रक्रियामा एमालेले अहिलेसम्म अँगालेको संसद्वादी प्रतिक्रियावादी राजनीति परित्याग गरेको कुनै सार्वजनिक या आन्तरिक अभिमत कहीँ प्रकट गरेको छ ? के माके पार्टीले शान्ति प्रक्रियासँग जोडिएका र संसद्वादमा आत्मसमर्पण गर्नुको कारण र त्यसबाट मुक्त हुने विषयमा कुनै सार्वजनिक या पार्टीभित्र अभिमत प्रकट गरेको छ ? समाज विकास र जनताको भविष्य सुनिश्चित गर्न अनिवार्य बन्ने यी सैद्धान्तिक विषयहरू माके-एमालेका नेताहरूका लागि 'थोत्रा किताब' र 'हरियालीबिनाको कोरा सिद्धान्त' हुने गरेका छन्। उनीहरूको सिद्धान्त र हरियाली जनताको रगत पसिनाको लुट, साम्राज्यवादीहरूको दलाली र जनतामाथिको दमनको प्रतिस्पर्धामा देखिन्छ। उनीहरूको एकताको जोड-घटाउ केवल कुर्चीको वरिपरि घुमेको छ। माकेसँग एकता होस् र उसको घोडा चढेर सरकारको सवार चलिरहोस् भन्ने एमालेहरूमा बिथोलिँदो एकता प्रक्रियाले एक प्रकारको हतास मानसिकता बन्न खोजेको आभास हुन्छ। एमालेको भऱ्याङ चढेर कुर्ची छाड्न नपरोस् भन्ने माकेभित्रका एमालेपरस्तहरूको हतासा एमालेको भन्दा बढी देखिन्छ। दुवै पार्टीका आकांक्षाहरू व्यग्रताका साथ

क्रमशः पृष्ठ ४ मा

## सम्पादकीय

# मोदीको नेपाल भ्रमण

भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदी नेपालको दुई दिने भ्रमणमा यही वैशाख २८ गते आउँदैछन् । उनको भ्रमणको नेपालमा तयारी यहाँको सरकारले भन्दा पनि बढी भारतीय सरकारले गरिराखेको छ । भ्रमणको मिति तय भएदेखि नेपालका लागि भारतीय पूर्व ३ जना राजदूत काठमाडैँमा नै बसिराखेका छन् । भारतीय सेना अत्याधुनिक सैनिक जहाज र हेलिकप्टरसहित जनकपुर, काठमाडौं र मुस्ताङको रुढ क्लियर गर्न, सुरक्षाको सुनिश्चितता गर्न भन्दै अड्डा जमाएर बसेको छ । नेपाल सरकार भने मनाङदेखि मुस्ताङ जाने बाटो, बेनी मुस्ताङ बाटो र मुस्ताङ जाने पैदल बाटो ३ दिनका लागि बन्द गरिएको सूचना निकाल्ने, यहाँ संघीय सांसद्, मुख्यमन्त्री, प्रदेश सांसद्, प्रशासनका प्रमुखहरू, सुरक्षा निकाय बाटो बढार्ने, भित्ता पोत्ने, रङ्ग लगाउने काममा व्यस्त छन् । यसैगरी शंकास्पद गतिविधि देखिएका भन्दै भन्दै धमाधम गिरफ्तारी सुरु गरिएको छ । नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूलाई त काठमाडौं, जनकपुर र मुस्ताङमा देखेबित्तिक्कै गिरफ्तार गरेर वैशाख ३० गतेसम्म राखिदिन प्रधानमन्त्रीको मातहतमा रहेको विशेष अनुसन्धानलाई निर्देशन दिइएको छ ।

यसरी मोदीको नेपाल भ्रमणको तयारीका नाममा एकातिर भारतीय सेना अत्याधुनिक फौजी जहाज र हेलिकप्टरसहित प्रवेश गर्नु, सेनाको ठूलै टुकडी नेपालमा नै बस्नुले नेपालको सुरक्षा क्षेत्रप्रति प्रश्नचिन्ह खडा गरिदिएको छ भने अर्कोतिर नेपालको सुरक्षा भारतीय छाताभित्र रहेको भन्ने तथ्यहरूलाई यसले उजागर गर्दै नेपालको सार्वभौमिकतामाथि पनि प्रश्न उठाइदिएको छ ।

मोदी नेपाल आउने तिथि-मिति तय भइराख्दा कञ्चनपुरको पुनर्वासमा दिनदिनै जसो सीमा अतिक्रमण भइराखेको खबर आइराखेको छ । त्यहाँ स्थानीय नेपाली र भारतीय सीमा सुरक्षा बलका बीचमा झडप भइराखेको छ ।

मोदीको नेपाल भ्रमणको समयसारिणीअनुसार केपी र उनी दुवै जनाले संयुक्त रूपमा सिंहदरबारबाट अरुण-३ को शिलन्यास गर्ने कार्यक्रम पनि तय गरिएको छ । अरुण - ३ विद्युत निर्यात परियोजना भएकाले यो राष्ट्रघाती छ भन्दै सर्वत्र विरोध भइराखेको छ । उक्त परियोजनाको विरोध कुनै एक पार्टी विशेषले मात्र नगरेर सबै देशभक्त, नेपालका जलस्रोतविद्, जलविद्युतविज्ञ, पूर्व नोकरशाहहरूले पनि विरोध गरिराखेका छन् । तर ओली सरकारले यो राष्ट्रहित विपरीत र नेपालको प्राकृतिक साधनमाथिको दोहन हुने अरुण - ३ लाई नेपाल भ्रमणका क्रममा उपहार दिँदैछ ।

मोदीको यो भ्रमण राजकीय, विशुद्ध भारतीय प्रधानमन्त्रीको हैसियतमा भए पनि उनी यहाँ पाठपूजा गर्न आउँदैछन् । नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्र हो तर मोदी नेपाल धर्मनिरपेक्ष भएको बेखुस छन् । त्यसैले यो भ्रमणलाई उनले धार्मिक बढी बनाएका छन् । उनको जनकपुरमा सिधै अवतरण, त्यहाँ उनले गर्ने पूजापाठ, त्यसपछि उनको मुस्ताङमा रहेको मुक्तिनाथको दर्शन र पूजा पाठ गर्ने कार्यक्रमले नेपालको संविधानलाई ठाडै चुनौती दिएको छ । उनको पार्टी निकटको राष्ट्रिय स्वयंसेवक दल जो अतिहिन्दूवादी संस्था हो । र, यसले भारतका मुसलमानका विरुद्ध मात्र नभएर त्यहाँका दलितहरूमाथि पनि दमन गरिराखेको छ, तिनीहरूकै सहयोग र समर्थनमा नेपालमा पनि अतिहिन्दूवादीहरूको चलखेल भइरहेको छ ।

मोदीको नेपाल भ्रमण-पूर्व भए गरेका गतिविधि, उनको नेपाल बसाइ र कार्यक्रम समयसारिणी आदिलाई अध्ययन गर्दा उनको भ्रमणले नेपालमा आशंका, तनाव त भएकै छ । साथै, देशभक्त, जनतान्त्रिक शक्ति र जनतामा एक किसिमको आतंक सिर्जना भएको छ । यो भ्रमणका क्रममा उनले गर्ने क्रियाकलाप, केपीको उदाङ्गिदै गएको राष्ट्रवादको मुकुण्डो पूरै च्यातिँदै जाँदा पटाक्षेप हुने परिदृश्यप्रति सचेत नेपाली जनता झन् बढी आशंकित र आतंकित हुन पुगेका छन् । त्यसैले नरेन्द्र मोदीको यो भ्रमणले नेपाल र नेपाली जनतालाई आतंकित बनाएको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ - रातो खबर साप्ताहिक

# मार्क्स र उहाँको योगदान



गुणराज लोहनी

आज मार्क्सवादका प्रवर्तक कार्ल मार्क्सको २ सयौँ जन्म दिन हो । आजभन्दा २ सय वर्षअघि अर्थात् सन् १८१८ मे ५ का दिन कार्ल हेनरी मार्क्सको जन्म जर्मनीको ट्रिभिरमा भएको थियो । उहाँलाई वैज्ञानिक साम्यवादका प्रवर्तक मानिन्छ । मार्क्स एक दार्शनिक, राजनीतिक अर्थशास्त्री, पत्रकार र इतिहासकै सबैभन्दा प्रभावकारी क्रान्तिकारी हुनुहुन्थ्यो । विश्वकै अति महत्वपूर्ण राजनीतिक हस्तलिखित पाण्डुलिपि कम्युनिस्ट घोषणापत्र, पुँजी, साम्यवादी सिद्धान्तको आधारभूत दर्शन, अर्थशास्त्र र राजनीति उहाँका प्रख्यात कार्यहरू रहेका छन् । वर्गसङ्घर्षमा आधारित ऐतिहासिक भौतिकवाद, पुँजीवादमा श्रमजीवीहरूको विरक्तिपूर्ण अवस्थाका सिद्धान्तहरू उहाँका एकदमै प्रभावशाली सिद्धान्त रहेका छन् ।

**पुँजीवादमा श्रमजीवीहरूको विरक्तिपूर्ण अवस्थाको सिद्धान्तको खोज**

१८४४ मा मार्क्सले अर्थशास्त्र र दर्शनको पाण्डुलिपि तयार पार्नुभएको थियो । त्यसमा उहाँले पुँजीवादले श्रमजीवीहरूलाई कसरी सताएको छ भन्ने ४ वटा कारणहरू पत्ता लगाउनुभएको छ जसअनुसार पहिलो, पुँजीवादी वर्गहरूबाट निर्धारण गरिएको उत्पादन श्रमजीवीहरूको कुनै नियन्त्रण रहँदैन । दोस्रो, उत्पादनको प्रक्रियाबाट, मजदुरहरू स्वयम्सेवक नभएर ज्यालाको अनिवार्यतामा नियन्त्रित रहेका हुन्छन् । त्यस समयमा के गर्ने, तेस्रो, मजदुरले आफ्ना लागि नभएर मालिकका लागि मेसिनको दाँतजस्तो गरी खिइन्जेलसम्म काम गर्नुपर्छ र चौथो, मजदुरले आफ्नो ज्याला बढाउनका लागि प्रतिस्पर्धालाई चिहानमा पुऱ्याएको हुन्छ भन्ने हो ।

**द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका आविष्कारक**

सन् १८४६ मा मार्क्सले उहाँका प्रिय मित्र एवम् कमरेड एङ्गेल्सको सहयोगमा ऐतिहासिक भौतिकवाद लेख्नुभयो । उहाँहरूले त्यसमा मानवसमाजहरू ६ वटा भौतिक अवस्थामा रहेको पत्ता लगाउनुभयो । उहाँहरूले यी युगहरूलाई सिलसिलेवार रूपमा आदिम साम्यवाद, दास युग, सामन्ती युग, पुँजीवादी युग, समाजवादी युग र वैज्ञानिक साम्यवादी युग भनी खोज गर्नुभयो । यसलाई उहाँले जर्मन विचारमा उल्लेख गर्नुभएको छ । उहाँले यी तथ्यहरू उत्पादनमा रहेको उत्पादन सम्बन्ध, उत्पादनका साधन, उत्पादक शक्तिको ऐतिहासिक अवस्थालाई लिएर र जीव विकासक्रमको सिलसिलेबार अध्ययनबाट पत्ता लगाउनुभएको हो जुन विज्ञानसम्मत छ ।

**मार्क्सको अति प्रभावकारी वर्गसङ्घर्ष**

उहाँले सामाजिक पद्धतिमा द्वन्द्व भैराख्छ भनी सर्वसम्मत विचार ल्याउनुभयो । विभिन्न वर्गहरूको चाहना र प्यासका आधारमा वर्गसङ्घर्ष हुन्छ र प्रतिस्पर्धा चल्छ । पुँजीवादजस्तो पद्धतिमा वर्गसङ्घर्षको केन्द्रीय भूमिका रहेको हुन्छ । पुँजीवादी समाजमा मुख्य रूपमा श्रमजीवी वर्ग (सर्वहारा वा मजदुर) जसले आफ्नो सबै श्रम सस्तो मूल्यमा पुँजीपति बेच्दछ र उनीहरूले अतिरिक्त मूल्य प्राप्त गर्दछन् । जसबाट उनीहरूले सम्पत्ति जम्मा गर्दछन् । त्यसैले अतिरिक्त मूल्य भनेको पुँजीपतिहरूले मजदुरमाथि शोषण गरेर जम्मा हुने हो । यसले गर्दा मजदुर र पुँजीपतिहरूका बीचमा सङ्घर्ष हुन्छ । यो नै समाजशास्त्र र संस्कृतिको केन्द्रीय विषय रहेको छ ।

**कम्युनिस्ट घोषणापत्रको सहलेखन**

सन् १८४८ को फेब्रुअरी २१ मा कम्युनिस्ट घोषणापत्र प्रकाशित गरिएको थियो । एउटा प्रस्तावनासहित ४ वटा भाग रहेको कम्युनिस्ट घोषणापत्र नै वास्तवमा अहिलेसम्म चलेका विश्व कम्युनिस्ट आन्दोलनको कार्यदिशा हो । यसलाई पहिला कम्युनिस्ट करेस्पोन्डिङ कमिटीमा पेस गरिएको थियो । उक्त कमिटी पहिला समाजवादी समूहका रूपमा रहेको थियो । सन् १८५२ मा त्यो कमिटी नै कम्युनिस्ट लिगमा परिणत भएको थियो ।

**कम्युनिस्ट घोषणापत्र अहिलेसम्म सबैभन्दा बढी प्रभावशाली हस्तलिपि**

भएको थियो । यसको केन्द्रीय सिद्धान्त भनेको पुँजीवादीहरूको प्रेरित बल भनेको उनीहरूले शोषण गरेको कामदारहरू हो र मजदुरहरूलाई उनीहरूले लगाएको श्रमको उचित मोल नदिएको ज्याला नै अतिरिक्त मूल्य हो । यही अतिरिक्त मूल्यको अति केन्द्रीकरणले उच्च चेतना भएका आधुनिक सर्वहारा वर्गको जन्म हुन्छ र त्यो वर्गले पुँजीवादका विरुद्ध सङ्घर्ष गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवाद आउने मार्क्सको सैद्धान्तिक प्रस्तावना नै साम्यवादको केन्द्रीय सिद्धान्त हो ।

**पहिलो अन्तर्राष्ट्रिय सदस्यको हैसियतमा नेतृत्व**

सन् १८६४ मा अन्तर्राष्ट्रिय कामदार सङ्घको स्थापना लन्डनमा भएको थियो यसैलाई पहिलो अन्तर्राष्ट्रियको नामले चिनिन्छ । यसै लिगको साङ्गठनिक गर्न उहाँले ऐतिहासिक यथार्थवादका आधारमा अर्थतन्त्रको विश्लेषणको चित्रण गर्नुभएको छ । उहाँले यसका बारेमा श्रमको मूल्य सिद्धान्तमा वस्तु र सेवाको मूल्य समाजमा आवश्यक पर्ने उत्पादनमा प्रयोग भएको श्रमले निर्धारण गर्ने बताउनुभएको छ ।

**कार्ल मार्क्स आधुनिक समाजशास्त्रका संस्थापक**

समाज विज्ञान प्राज्ञिक अनुशासन हो जुन समाज र समाजको व्यक्तिगत सम्बन्धको एउटा मुख्य आधार हो । समाज विज्ञानमा मुख्य रूपमा, अर्थशास्त्र, राजनीतिक विज्ञान, जनसङ्ख्या र समाजशास्त्र रहेका हुन्छन् । यी ४ वटामध्ये ३ वटाको सिद्धान्तका मात्र नभएर मार्क्स आधुनिक समाज विज्ञानका अभियन्ता हुनुहुन्छ । धेरै दार्शनिकहरूका साथै मार्क्स

**युगहरूको इतिहास र युगहरूमा वर्गसङ्घर्ष**

| युग | उत्पीडक वर्ग | उत्पीडित वर्ग |
|---|---|---|
| आदिम साम्यवाद | वर्गविहीन=सङ्घर्षविहीन | |
| दास युग | दास–मालिक | दासहरू |
| सामन्तवाद | जमिनदारहरू | कृषि मजदुर |
| पुँजीवाद | बुर्जुवा | सर्वहारा |
| समाजवाद | राज्य व्यवस्थापन | मजदुर श्रमजीवी |
| वैज्ञानिक साम्यवाद | वर्गविहीन | सङ्घर्षविहीन |



कम्युनिस्ट घोषणापत्रले कति धेरै प्रख्याति पाएको थियो भने सन् १८४८ को युरोपभरिको क्रान्तिमा जर्मनीलगायत देशमा यसलाई पूर्ण प्रतिबन्ध लगाइएको थियो । चालीस वर्ष पुग्दै गर्दा १८७० मा सामाजिक जनवादी पार्टीहरूले यसलाई सयौँपटक ३० वटा भाषामा उल्था गरेर छापेका थिए । मार्क्स जीवितै रहँदा पेरिस कम्युन स्थापना भएको थियो । यसै घोषणापत्रको प्रस्तावनालाई आधार बनाएर रुसमा लेनिनको नेतृत्वमा समाजवादी क्रान्ति भएको थियो । माओको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्तिका साथै विश्वका १६ भन्दा बढी र सिङ्गो विश्वको एकतिहाइ देशहरूमा समाजवाद स्थापना भएको थियो ।

**मार्क्सको अभूतपूर्व पुँजीको लेखन**

मार्क्सले पुँजी (पुँजी : राजनीतिक अर्थशास्त्रको आलोचना) लेख्नुभएको छ । पहिलो भाग सन् १८६७ मा, दोस्रो सन् १८८५ मा र तेस्रो १८९५ मा प्रकाशित छाताभित्र केही समयमा नै ८० लाख सदस्य हुन पुगेका थिए । मार्क्स त्यस अन्तर्राष्ट्रियको मुख्य सदस्य हुनुहुन्थ्यो । यो लिगले सन् १८७१ को मार्च १८ देखि मे २८ सम्मको पेरिसको विद्रोहमा एउटा भागका रूपमा काम गरेको थियो । त्यसै विद्रोहलाई पेरिस कम्युन भनिन्छ । ७२ दिन चलेको पेरिस कम्युनको विघटनसँगै मिखाइल बाकुनिनको अराजकताका कारण पहिलो अन्तर्राष्ट्रियमा फुट आएको थियो ।

**पुँजी र श्रमजीवीको सम्बन्धका बारेमा आधारभूत बुझाइका बारेमा मार्क्सको काम**

कार्ल मार्क्सले अर्थशास्त्रमा धेरै नै महत्वपूर्ण योगदान दिनुभएको छ । मार्क्सका अनुसार आर्थिक विज्ञान समाजशास्त्रबाट अलग रहन सक्दैन, उत्पादन सम्बन्लाई परिवर्तन गर्ने कुनै अपरिवर्तनीय आर्थिक नियम हुँदैन । त्यसैले आर्थिक समस्या समाधान वैज्ञानिक परीक्षणका आधारमा खोज गरिएको भौतिकवादी दार्शनिक हुनुहुन्छ ।

**दोस्रो सहस्राब्दीको सबैभन्दा प्रभावशाली मान्छे**

मार्क्स १९ औँ शताब्दीको सबैभन्दा प्रभावशाली र प्रतिभावान् व्यक्ति हुनुहुन्थ्यो । अर्थतन्त्र र राजनीतिक इतिहासमा उहाँ उम्दा बुद्धिजीवी र कार्यदक्षक हुनुहुन्थ्यो । उहाँको योगदान र सिद्धान्तको खोजका आधारमा २० औँ शताब्दीमा विश्वका धेरै देशहरूमा समाजवादको स्थापना भएको थियो । त्यसैले उहाँले अर्थशास्त्र, राजनीति, दर्शनलाई मूल रूपमा मार्क्सवादका ३ सङ्घटक अङ्ग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई मार्क्सवादका रूपमा व्याख्या गरिँदै आएको छ । बीबीसीले सन् २००० मा सर्वेक्षण गरी उहाँ दोस्रो सहस्राब्दीको सबैभन्दा प्रभावशाली मान्छे घोषणा गरेको थियो ।

**सन्दर्भ मार्क्सको २ सय औँ जयन्ती**

# मोदीको नेपाल भ्रमण र ओलीको राष्ट्रवाद

■ रातो खबर डेस्क





> cf]lsf]sfo{sfndf ef/tsf]gfsfaGbLsf sf/0f k]6«f]nod kbfy{nufotsf ef/taf6 cfoftLt ;a} pkef]Uo j:t'sf] d'No Psbd} a9]/ uof] . ! ;o ?lkofF kg]{ k]6«f]n /fhwfgLnufotsf ;a} If]qdf % ;o k|ltln6/;Dd k'Uof] t/ cf]nLn] gk'fnL hgtfsf gfddf ef/tn] u/]sf] abdf;Lsf af/]df slxNo} ;';lHht u/fPgg\ . cGt/f{i6«o clwsf/ / sfg'g lvnfkm ef/tn] nufPsf] gfsfaGbLsf lj?4 pgn] g]kfnL hgtfsf ;fd' cfXjfg u/]gg\ . ekl/j]li7t /fi6«n] kfpg] g]kfnsf] ;fj{ef}d clwsf/sf] lvnfkm /x]sf] ef/tsf] gfsfaGbLlj?4 cGt/f{i6«o cbfntdf hfg] ;fx; u/]gg\ . pgsf] sg} kxnlagf km's'jf ePsf] gfsfaGbLsf afahb klg pgL /fi6«jfbL sxnfOP .

यही वैशाख २८ गतेदेखि भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीले नेपाल भ्रमण गर्दैछन् । यसअघि पनि उनले सन् २०१४ अगस्ट ३–४ सम्म नेपालको औपचारिक भ्रमण गरेका थिए । त्यसपछि सार्क सम्मेलनमा नोभेम्बर २५–२७ सम्म नेपाल आएका थिए । यस पटक उनी मे ११ र १२ मा नेपाल आउने भएका छन् । उनको प्रधानमन्त्री भएपछिको २०१४ को पहिलो भ्रमण निकै चर्चित भएको थियो । उनले संसद्मा दिएको भाषणलाई लिएर नेपालका राजनीतिज्ञ र परराष्ट्रविद्हरूले नेपाललाई भारतले हेर्ने परम्परागत दृष्टिकोण बदलिएको जस्ता प्रतिक्रिया दिएका थिए । तर यथार्थमा त्यस्तो हुन सकेन । भारतले २०७२ मा नेपालमा लगाएको अघोषित नाकाबन्दी, अरूण ३, संविधानप्रतिको असन्तुष्टि मात्र नभएर मधेसी दलको नाममा आन्दोलन गराउनु, माथिल्लो कर्णालीप्रतिको उसको गिद्देनजर, नेपाली प्रधानमन्त्रीको भारत भ्रमणमा गर्ने गरेको व्यवहार, नेपाली उत्पादन मूलरूपमा अदुवाको निर्यातमा रोकावट, दिनदिनैजसो नेपाली भूमिमाथिको अतिक्रमणले उसको नेपालप्रति हेर्ने दृष्टिकोणमा कुनै फेरबदल नभएको पुष्टि हुन्छ । यति हुँदाहुँदै पनि यसपालिको मोदीको नेपाल भ्रमणलाई यस अघिका २ वटा भ्रमणभन्दा बढी तामझामका साथ नेपाल सरकारले तयारी गरिरखेको छ । सरकारद्वारा जनकपुर र काठमाडौंमा मोदीको ‘नागरिक’ अभिनन्दन गरिँदैछ । मोदीलाई नेपाल सरकारले दिन लागेको यति धेरै महत्वको सबैतिर चर्को विरोध भइराखेको छ ।

## यसअघिको मोदीको भ्रमण र भारतीय रवैया

मोदीले २०७१ साल साउन १८ गते नेपाल आउँदा नेपालको संसद्लाई सुरुमा केही हरफ नेपालीमा बोलेर त्यसपछि हिन्दीमा सम्बोधन गरेका थिए । लामो सम्बोधन गरेका मोदीले उक्त भाषणमा चार सीको कुरा गरेका थिए को–अपरेसन, कनेक्टिभिटी, कल्चर र कन्स्टिच्युसन । तर उनले “हिन्दुस्तानको अँध्यारो नेपालले हटाउन सक्ने” पनि बताएका थिए । त्यो समयमा नेपालमा दोस्रो संविधानसभाको चुनाव सकिएर यहाँका संसदीय पार्टीहरू संविधान बनाउने प्रक्रियामा लागेका थिए । नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा एमाले पनि सहभागी रहेको सरकार बनेको थियो । उक्त भ्रमणका समयमा दुवै प्रधानमन्त्रीहरूले ३५ बुँदे सहमतिमा हस्ताक्षर गरेका थिए । उक्त हस्ताक्षरित संयुक्त प्रेस विज्ञप्तिमा विगतमा नेपाल र भारतका बीचमा भएका सहमति र सम्झौताहरूमा पुनरावलोकन गर्ने, विवादित सीमा क्षेत्रको अवलोकन गरी समाधान गर्ने, भारतले नेपाललाई सहयोग गर्ने यस्तै-यस्तै सहमति भएको थियो ।

सन् २०१४ को नोभेम्बरमा आउँदा नेपाल–भारतका बीचमा सहमतिपत्र एमओयु भएको थियो । त्यसमा पशुपति यात्राको नाममा काठमाडौं–दिल्ली बस सेवा चलाउने, पनौतिमा राष्ट्रिय प्रहरी प्रतिष्ठान निर्माण गर्ने, नेपाललाई भारतले १ प्रतिशत व्याजमा १ बिलियन (१ अर्ब) अमेरिकी डलर बराबर ऋण दिने, बराबरीको आधारमा परम्परागत चिकित्सा प्रणालीमा सुरु गर्ने, पर्यटकीय क्षेत्रमा दुई देशबीचमा काम गर्ने, काठमाडौं–वनारस, जनकपुर–अयोध्या र लुम्बिनी–बुद्ध गयालाई संस्कृति र इतिहासका आधारमा जोड्ने, युवा कल्याणका लागि सहयोग, भारतको सतलज कम्पनी र नेपाल सरकारका बीचमा अरूण ३ को ९ सय मेगावाट बिजुलीका लागि परियोजना विकास सहमति-पीडीए गर्ने, आकस्मिक ऊर्जा केन्द्र निर्माण गर्ने, नेपाली सेनालाई एउटा ध्रुव (हलुका हेलिकप्टर) दिने, अशोक स्तम्भ नजिकै बोधी रुख रोप्ने, नेपालमा रहेका ५ सय र हजार भारतीय रुपियाँलाई जुन भारतमा नोटबन्दीका बेला प्रतिबन्ध लगाइएका थिए, तिनीहरूलाई साटिदिने, माटो परीक्षण गर्ने मसिन उपहार दिने, सार्क सम्मेलनभन्दा पहिला नेपाललाई भारतले ७० मेगावाट बिजुली दिने सहमति भएको थियो तर यी कुनै पनि बुँदा अहिलेसम्म कार्यान्वयन भएका छैनन् ।

नेपालमा २०७२ सालमा आएको भूकम्पलगत्तै नरेन्द्र मोदीको प्रत्यक्ष निर्देशनमा भारतीय सेना, भारतीय सञ्चार माध्यमसहित ‘अप्रेसन मैत्री’ अभियान लिएर आएको थियो । त्यो सहयोग अप्रेसन नेपालमा सहयोगभन्दा पनि प्रचारवाजी र यहाँका रणनीतिक तथा सामरिक क्षेत्रको अध्ययन र खोजमा लागेको आरोप लागेको थियो । भारतले त्यस बेलामा नेपाललाई १ बिलियन अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको थियो । भूकम्पका बेला कुनै अनमतिबिना नेपाल प्रवेश गर्नु, भूकम्प पीडितलाई सहयोगभन्दा पनि यहाँको रणनीतिक र सामरिक महत्वका स्थानहरूमा बिना-जानकारी हेलिकप्टरबाट पुग्नु, भारतीय सञ्चार माध्यममा भूकम्पको क्षति र पीडितको अवस्थालाई अतिरञ्जित गरी प्रचार गर्नु आदिले गर्दा भारतीय शासकहरूप्रति नेपालीमा घृणा जागेको थियो ।

यसरी मोदी प्रधानमन्त्री भएदेखि यो भ्रमणसम्म आइपुग्दा भारतले गरेको वाचा र सहयोगको सहमति कुनै पनि पूरा गरेको छैन । बरु संविधानका बारेमा विवाद उठाएर उसले ६ महिना अघोषित नाकाबन्दी गऱ्यो । त्यही समयमा चीन र भारतका बीचमा नेपालको लिपुलेक भारतको रहेको बुझाइरहने गरी सम्झौता गऱ्यो । कञ्चनपुरमा भारतीय सीमा सुरक्षा बलले २०७३ फागुनमा गोली हानी गोविन्द गौतमको हत्या गऱ्यो । त्यही स्थानमा आजपनि दिनदिनैजसो भारतीय सीमा सुरक्षा बल र नेपाली जनताको बीचमा झडप भइराखेको छ ।

यी घटनाहरूले भारतले नेपाललाई विगतदेखि जुन आँखाले हेर्ने गर्दथ्यो, जस्तो व्यवहार गर्दथ्यो, त्यसमा कुनै फेरबदल आएको छैन । बरु नेपालमाथिको चौतर्फी अतिक्रमण झन् बढाएको छ ।

## केपी ओली र उनको राष्ट्रवाद

ओलीको राजनीतिक यात्राको सुरुआत क्रान्तिकारी कम्युनिस्ट आन्दोलनबाट भएको हो । उनी झापा विद्रोह हुँदै गर्दा विद्यालयमा पढ्दै थिए । त्यही क्रममा तत्कालीन पञ्चायती व्यवस्थाले २०२८ देखि २०४४ सालसम्म गिरफ्तार गरी १४ वर्ष जेल हालेको थियो । ओली जेल मुक्त हुँदै गर्दा नेपालमा पञ्चायतविरुद्धको आन्दोलन चलिरहेको थियो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माले) का नेता थिए मदनकुमार भण्डारी । मदन भण्डारीले क्रान्तिकारी मार्क्सवादलाई परित्याग गरेका भएता पनि राष्ट्रियताको मामलामा केही दृढ देखिएका थिए । मूलरूपमा उनी महाकाली राष्ट्रघाती सन्धिका विरुद्धमा थिए । यद्यपि महाकाली सन्धि संसद्बाट पारित हुनुभन्दा पहिला नै मदन भण्डारीको रहस्यमय मृत्यु भएको थियो ।

## महाकाली सन्धि र पञ्चेश्वर परियोजना

२०४६ सालको जनआन्दोलनपश्चात् पञ्चायत ढलेपछि बनेको अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बनेका थिए । सन् १९२० मा चन्द्र शमशेरको पालामा बन्न सुरु भरी सन् १९२८ मा पूरा भएको महाकाली नदीमा बनाएको शारदा बाँध जीर्ण भएकाले नयाँ बनाउनुपर्दथ्यो । भट्टराईले प्रधानमन्त्रीको हैसियतमा भ्रमणमा गरेका बखत भारतले नेपालको जमिन प्रयोग गरी आयोजनाको प्रस्ताव राखेको थियो । तर, भट्टराईले भारतको उक्त प्रस्तावलाई अस्वीकार गरेका थिए । २०४८ सालमा संसदीय चुनाव भयो । चुनावमा कांग्रेसको स्पष्ट बहुमत आयो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुन पुगेका थिए । भारत भ्रमणको बेलामा भारतले गिरिजासामु टनकपुरमा नेपाली जमिन उपयोग गर्न राखेको प्रस्तावलाई उनले अनुमति दिएका थिए । त्यसपछि गिरिजाले सम्झौता मात्र भएको भनी ढाँटेपछि उनको चौतर्फी विरोध भएको थियो । नेपालको तत्कालीन संविधानअनुसार त्यो सन्धि थियो तर गिरिजाले सन्धि नगरेको भनी संसदमा नै ढाँटेका थिए । मदन भण्डारीको पार्टी एमालेलगायत नेपालका अन्य वामपन्थी पार्टीहरूले उक्त महाकाली सन्धिलाई लिएर संसद् र सडकमा आन्दोलन गरेका थिए । त्यही क्रममा २०५० साल जेठ ३ गते मदन भण्डारी र जीवराज आश्रित चितवनको दासढुङ्गामा गाडी दुर्घटनाको आवरणमा मारिएको भन्ने भनाइ छ ।

त्यसपछि एमालेले सडक आन्दोलनलाई निकै चर्काएर लगेको थियो । पद्मरत्न तुलाधरको नेतृत्वमा गठन भएको छानबिन समितिले मदन भण्डारीको हत्या नै भएको सुझाव बुझाएको थियो तर महाकाली सन्धि मुद्दा एमालेको एजेन्डाबाट हराउँदै मात्र गएन कि २०५२ साल माघ २९ गते शेरबहादुर देउवाले महाकाली सन्धि गर्दा विरोध गरेको थिएन । मूलरूपमा पानी उपभोग गर्ने भारतीय नीतिअनरूप यो सन्धि हुन पुगेको थियो । सन्धि भएका कारण तत्कालीन संसद्को दुई तिहाइ मतले २०५३ साल असोज ३ गते एमालेको विशेष सहयोगमा पारित भएको थियो । त्यो सन्धि संसद्बाट पारित हुनुभन्दा पहिला केपीले आफूलाई खास्साको राष्ट्रवादी भन्ने गर्दथे । त्यो सन्धि पारित हुनुअघि र पछि पनि केपी उक्त सन्धिबापत नेपालले १ करोड युनिट बिजुली, १ खर्ब २० अर्ब नगद पाउने भएकाले राष्ट्रघाती नभएर देशको आर्थिक विकास हुने, देश उज्यालोले झलमल हुने भाषण गर्दै हिंडेका थिए ।

टनकपुर बनेको यतिका वर्ष भयो न १ युनिट बिजुली छ, न एक रुपियाँ नगद नै छ न त पानी नै छ । पञ्चेश्वर अहिलेसम्म त्यत्तिक्कै थन्किएर बसेको छ । तत्कालीन एमालेले लगाएको “महाकाली साझा हो, पानी आधा आधा हो” नारा हराएर गएको थियो ।

महाकाली सन्धिको आसपासदेखि नै एमालेको भारतीय सत्तापक्षसँग सम्बन्ध सुमधुर हुन पुगेको हो । त्यसलगत्तै एमालेले विगतमा उठाउँदै आएका राष्ट्रघाती र असमान सन्धि-सम्झौताहरूलाई पूर्ण रूपले छाडेको थियो । एमालेले कोशी, गण्डकी सम्झौता, सन् १९५० को सन्धिहरूको विरोध गर्दै आएको थियो । अहिले ऊ यी कुनै पनि मुद्दाका बारेमा केही पनि बोल्दैन ।

## प्रधानमन्त्रीका रूपमा ओली र उनको राष्ट्रवाद

२०७२ सालमा संविधान घोषणासँगै खड्गप्रसाद ओली तत्कालीन एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को पूर्ण सहयोग र समर्थनमा प्रधानमन्त्री बनेका थिए । उक्त समयमा भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाएको थियो र नाकाबन्दी लगाउँदै गर्दा सुशील कोइराला प्रधानमन्त्री थिए ।

२०७२ साल असोज २४ गते केपी ओली पहिलो पटक प्रधानमन्त्री हुन पुगेका थिए । उनी प्रधानमन्त्री भइराख्दा ५ महिनासम्म भारतले नाकाबन्दी हटाएको थिएन । त्यही साल फागुनमा सेना प्रमुख राजेन्द्र क्षेत्री भारत भ्रमणमा गएको केही दिनमा नाकाबन्दी हटेपछि मात्र केपी ओली प्रधानमन्त्रीको हैसियतमा भारत भ्रमणमा गएका थिए ।

ओलीको कार्यकालमा भारतको नाकाबन्दीका कारण पेट्रोलियम पदार्थलगायतका भारतबाट आयातीत सबै उपभोग्य वस्तुको मूल्य एकदमै बढेर गयो । १ सय रुपियाँ पर्ने पेट्रोल राजधानीलगायतका सबै क्षेत्रमा ५ सय प्रतिलिटरसम्म पुग्यो तर ओलीले नेपाली जनताका नाममा भारतले गरेको बदमासीका बारेमा कहिल्यै सुसज्जित गराएनन् । अन्तर्राष्ट्रिय अधिकार र कानुन खिलाफ भारतले लगाएको नाकाबन्दीका विरुद्ध उनले नेपाली जनताका सामु आह्वान् गरेनन् । भूपरिवेष्ठित राष्ट्रले पाउने नेपालको सार्वभौम अधिकारको खिलाफ रहेको भारतको नाकाबन्दीविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा जाने साहस गरेनन् । उनको कुनै पहलबिना फुकुवा भएको नाकाबन्दीका बाबजुद पनि उनी राष्ट्रवादी कहलाइए ।

वास्तवमा केपी महाकाली सन्धिको आसपासदेखि राष्ट्रवादी रहेका थिएनन् । उनी भारतपरस्त हुँदै गएका थिए । भारतका पनि दुई पक्ष रहेका छन् । एउटा त्यहाँको खुफिया एजेन्सी रअ र अर्को राजनीतिसँग अलि बढी सरोकार राख्ने साउथ ब्लक । नेपालका नेताहरू भारतपरस्त हुने भनेको रअको एजेन्ट हुनु हो । केपी पनि त्यसैभित्र पर्दछन् । सुधीर शर्माले आफ्नो पुस्तक प्रयोगशालाको सुरुमा नै केपी ओलीले रअका तत्कालीन प्रमुख सञ्जीव त्रिपाठीलाई भेटेको प्रसङ्ग उठाएका छन् । २०६९ साल वैशाख ३१ गते साँझ ५ बजे बानेश्वरमा रहेको एभरेस्ट होटलमा केपी र त्रिपाठीको यो भेटले पहिलो संविधानसभा कसरी विघटन गर्ने भन्ने कुरा भएको पुष्टि गर्दछ ।

अब आउँछ, केपी भारतका मान्छे हुन् भने किन संविधानको भारतले विरोध गऱ्यो, केपीको पालामा पनि किन नाकाबन्दी हटेन ? भन्ने प्रश्न आउन सक्छ । यसको सरल उत्तर छ । लामो समयपछि भारतीय जनता पार्टी सरकारमा आयो तर भारतीय रअको संरचना भारतीय कांग्रेस आईकै बनावटमा चलेको छ । नेपालमा संविधान बन्दै गर्दा रअले संविधान बनाउनतिर जोड गऱ्यो । तर, सत्तारुढ भाजपा र त्यसका प्रधानमन्त्री नरेन्द्र मोदीले मधेसीहरूको माग समेटेर मात्र संविधान बन्नुपर्छ भन्ने अडान लियो । जुन कुरा भारतको संसदमा नै छताछुल्ल भएको थियो । हो यहीँको बिग्रेको । केपी, सुशील, प्रचण्डहरूले पुरानै खुफियाको चाहनालाई अगाडि बढाए । त्यसबाट मोदी सरकार भाँड्िन पुगेको थियो ।

मोदीले जसरी पनि केपीलाई झुकाइछाड्ने नीति अख्तियार गरेका थिए । अन्ततः उनी सफल पनि भएका छन् । मोदी प्रधानमन्त्री भएपछि केपी दुई पटक प्रधानमन्त्रीको हैसियतमा दिल्ली गएका छन् । तर, यी दुवै भ्रमणका बेला मोदीले संविधानप्रतिको आफ्नो विरोध कायमै राखेका छन् । मोदीको यो भ्रमण सिधै काठमाडौं नभएर दर्शन र पूजाको नाममा जनकपुर हुँदैछ, जहाँ स्वागत गर्न ओली आफैँ सरिक हुँदैछन् । यति मात्र नभएर भारतले सुरक्षाका नाममा भारतीय सेनाको अत्याधुनिक हेलिकप्टर र सेना पनि उतारिराखेको छ । त्यही हेलिकप्टरमा मोदी मुस्ताङ जाँदैछन् । त्यहाँ पनि उनले मुक्तिनाथको दर्शन र पूजा गर्ने कुरा गरेका छन् ।

मुस्ताङ र मनाङजस्ता जिल्लाका चीनसँग जोडिएका सीमा क्षेत्रमा भारत र अमेरिकाको योजना, लगानी संरक्षणमा कैयौं गुम्बाहरू छन्, जहाँ लामाहरूको नाममा अत्याधुनिक हतियारधारी रहेको खुलासा विभिन्न समयमा सञ्चार माध्यमहरूले गर्ने गरेका छन् । यसप्रति ओलीले पूर्णरूपले नजरअन्दाज गरेका छन् ।

मोदीलाई खुसी बनाउन ओलीले गएको अगस्तमा म्याद सकिएको र शेरबहादुर देउवाले रोकिराखेको भारतीय दूतावासले सिधै लगानी गर्न पाउने साना अनुदान सम्झौता स्मल ग्र्यान्ड एग्रिमेन्टलाई पुनः निरन्तरता दिने निर्णय गराएका छन् । मोदी र केपी ओलीले काठमाडौंबाट नै अरूण ३ को शिलान्यास गर्दैछन् । २०५२ सालमा एमालेको सरकार हुँदा उक्त परियोजना रोकिएको थियो ।

अरूण ३ परियोजना यही अवस्थामा राष्ट्रघाती रहेको छ । अरूणको मुहान चीनमा रहेको र यसमा बहने पानी बाह्रैमास नघट्ने, जहाँ बाँध बाँधिन्छ, त्यहाँको उचाइ धेरै भएकाले कम उचाइमा नै बढी विद्युत थोरै लगानीमा निकाल्न सकिन्छ । यसरी निकालिएको विद्युत सिधै भारत लगिन्छ । त्यसैले यो निर्यातमुखी परियोजना हो । नेपालमा आफैँलाई विद्युत नपुगेर लोडसेडिङ छ । उद्योगहरूको मागअनुसार विद्युत आपूर्ति हुन सकेको छैन । सस्तोमा प्राकृतिक बाँधबाट तयार पारिने उक्त परियोजनालाई भारतले उत्पादन सुरु भएको २५ वर्षपछि हस्तान्तरण गर्ने भनिएको छ । हुन त १ सय ९७ मेगावाट अर्थात कूल उत्पादनको २१.९ प्रतिशत अहिले नेपाललाई दिने भनिएता पनि त्यसको कुनै आधिकारिकता छैन ।

नेपालमा भारतको पानी मोह हो । यहाँका सबै नदीबाट वर्षामा बाँध बाँधेर जम्मा गरी सुख्खा याममा भारतका उजाड र बञ्जाड जमिनमा सिञ्चाइ गर्ने भारतको रणनीति रहेको छ । उसको यो कुटिल रणनीतिमा मातृका कोइराला, विशेश्वरप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल र खड्गबहादुर ओलीहरू सत्तामा पुग्न र टिकाइराख्नका लागि माकुरे साङ्लोमा झिङा फसेको जस्तो भइराखेको छ । नेपालका नदीहरूमा बाह्रैमास र त्यसमा पनि वर्षा वहने पानी भारतका लागि अमृत समान रहने गरेको छ ।

यसरी नेपालको पानीमाथिको गिद्देनजर, यसअघिका सबै राष्ट्रघाती सन्धि-सम्झौता, दिनदिनैको नेपाली भूमि-अतिक्रमण, सीमामा भारतले बनाएको तटबन्धन, उच्च सडक जसले वर्षायाममा नेपालको ठूलो भू-भाग डुब्ने गरेको छ, यी भारतीय हैकम, दादागिरी, हेपाहप्रवृत्तिका विरुद्ध केपी ओली उच्चारण गर्न पनि सक्दैनन् । उनको पछिल्लो भारत भ्रमणका समयमा नोटबन्दीका कारण रोकिएका भारतीय रुपियाँका बारेमा केही पनि नबोली फर्केका छन् । त्यसैले बाहिर जति नै राष्ट्रवादको लेपन लगाए पनि केपी ओली आफ्ना पूर्वजहरूजस्तै राष्ट्रघाती हुन् । अरू कुरा विस्तारै खुल्दै जाला !

# संयुक्त विद्यार्थी संगठनद्वारा संघर्षका कार्यक्रम




■ **रातो खबर संवाददाता**/काठमाडौं

शैक्षिक विकृति र विसंगतिका विरुद्ध आन्दोलन गर्दै आइरहेका विद्यार्थी संगठनहरूले सरकारविरुद्ध थप संघर्षका कार्यक्रमहरू सार्वजनिक गरेका छन् । शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा विभागले यही २२ गते जारी गरेको प्रेस विज्ञप्तिमा विद्यार्थी संगठनका सम्पूर्ण कार्यक्रमहरू फिर्ता भएको भन्ने विवरण उल्लेख गरेको थियो । सोही विषयलाई लिएर आइतबार संयुक्त विद्यार्थी संगठनको बैठक बसेको थियो । विद्यार्थी संगठहरूको आइतबार बसेको संयुक्त बैठकपछि जारी गरिएको विज्ञप्तिमा जनाइएअनुसार आज अर्थात् बुधबार संयुक्त अन्तर्क्रिया कार्यक्रम गर्ने उल्लेख छ । यस्तै २७ गते संयुक्त बैठक बसी शैक्षिक हडतालसहितको बहिष्कार र प्रतिरोधात्मक संघर्षको कार्यक्रम घोषणा गर्ने जनाइएको छ । विज्ञप्ति नेकपा निकट अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाल, राजपा विद्यार्थी संगठनका अध्यक्ष मनिष मिश्र, नयाँ शक्ति विद्यार्थी युनियनका अध्यक्ष श्यामबाबु गौतम, अनेरास्ववियू (पाँचौं) का अध्यक्ष धनश्याम मिश्र, समाजवादी फोरम नेपालमा अध्यक्ष विवेक राई अखिल (क्रान्तिकारी) का उपाध्यक्ष विष्णु नेम्बाङ राष्ट्रवादी विद्यार्थी संघका ताराप्रसाद अर्यालले हस्ताक्षर गरेका छन् ।

## नेपाल बन्द ...

जीएमआरको कार्यालयमा बम विस्फोट भयो भने बाँकेमा विक्रम पाण्डेको कालिका कन्ट्रक्सनमा भएको बम विस्फोट र आगजनीबाट करौडौंको क्षति भएको छ ।

यसैबीच नेकपाका प्रवक्ता खडकबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले शनिबार साँझ एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारी दमनका विरुद्ध प्रतिरोध गर्ने बताएका छन् । आफ्नो पार्टीले आयोजना गरेको नेपाल बन्द पूर्ण रुपले सफल भएको पनि बताएका छन् । प्रकाण्डले आफ्नो पार्टीले आयोजना गरेको नेपालबन्दमा सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै बिनाकारण पक्राउ गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई रिहा गर्नुको सट्टा थप गिरफ्तार गरेको भन्दै अझै कडा खालका संघर्षका कार्यक्रम सार्वजनिक हुने संकेत गरेका छन् । आफनो प्रतिरोध संघर्षबाट उत्पन्न हुने परिणामको जिम्मेवार सरकार स्वयं हुनुपर्ने चेतावनीसमेत दिएका छन् । प्रकाण्डले विज्ञप्तिमा दमनकारी अभियानमा ओलीलाई प्रचण्डले उछिनेको भन्दै एकीकृत जनक्रान्तिको हत्या गर्नमा यो ग्याङले आफ्नो भविष्य र जीवन देखेको पनि उल्लेख गरेका छन् ।

## पत्रकार सम्मेलनमा ...

गरेको थियो । सोही पत्रकार सम्मेलनमा हस्तक्षेप गरी प्रहरीले ट्रेड युनियन महासंघका केन्द्रीय अध्यक्ष अमर झाक्री, सचिव देव परियारलाई पक्राउ गरेको छ । यस्तै केन्द्रीय सदस्यहरू शिशिर थापा, एलवी बुढाथोकी, टेक प्रधान, हरिचन्द्र खड्का, भीम अधिकारी, बिनोद श्रीपाइली, केशबहादुर बुढा, शिव परियार र नितु शाहलाई पनि पक्राउ गरेको छ । पक्राउ गरिएका सबैलाई वडा प्रहरी कार्यालय सिंहदरबारमा राखिएको छ । ट्रेड युनियन महासंघका नेताहरूलाई पक्राउ गरेको विषयलाई लिएर सो संगठनका महाचिव गोकुल दाहालले मंगलबार दिउँसो एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारले अपहरण शैलीमा गिरफ्तार गरेको बताएका छन् । साथै दाहालले श्रमिकवर्गको हितमा लड्ने मजदुर संगठनमाथि प्रहरीले हस्तक्षेप गरेको भन्दै बिनाशर्त रिहाइको माग पनि गरेको छन् ।

प्रस्तुत छ विज्ञप्तिको पूर्ण पाठ -

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको वैशाख १८-२० पोखरामा सम्पन्न छैठौं राष्ट्रिय सम्मेलनले लिइएका महत्वपूर्ण निर्णयहरू सम्प्रेषण गर्न आयोजित पत्रकार सम्मेलन कक्षबाट मजुदर नेताहरूलाई प्रहरीद्वारा गिरफ्तार गरिएको छ ।

अनामनगरस्थित संवाद डबलीबाट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय अध्यक्ष अमर झाँक्रीसहित महासङ्घका केन्द्रीय सचिव देव परियार र केन्द्रीय सदस्यहरू शिशिर थापा, एलवी बुढाथोकी, टेक प्रधान, हरिचन्द्र खड्का, भीम अधिकारी, केशवबहुर बुढा, विनोद श्रीपाइली, शिव परियार र नितु शाहलाई प्रहरीले अपहरण शैलीमा गिरफ्तार गरेको छ ।

शान्तिपूर्ण भेला, सम्मेलन, संगठन गर्न पाउने तथा राजनीतिक विचार स्वतन्त्रताको ग्यारेन्टी उनीहरू आफैंले जारी गरेको संविधान व्यवस्था भए पनि वर्तमान सामाजिक दलाल सरकारले उक्त संवैधानिक व्यवस्थाको धज्जी उडाउँदै गरेको गिरफ्तारी एवं हिरासत राख्ने कार्यको हाम्रो संगठन घोर भर्त्सना गर्दछ । साथै, प्रहरीद्वारा गिरफ्तार गरिएका केन्द्रीय अध्यक्ष कमरेड अमर झाँक्रीलगायत सबै कमरेडहरूलाई बिनासर्त र यथाशीघ्र रिहा गर्न हाम्रो संगठन जोडदार माग गर्दछ ।

श्रमजीवी मजदुरवर्गको हक, हित र अधिकारको पक्षमा संघर्षरत हाम्रो गौरवशाली संगठनको राजनीतिक एवं पेसागत अधिकार प्राप्तिका आवाजहरूबाट वर्तमान सामाजिक दलाल सरकार तथा दलाल सत्ता भयभीत भई मजदुर नेताहरूलाई धरपकड तथा गिरफ्तारी गर्ने कार्य तुरुन्त नरोके तथा गिरफ्तार कमरेडहरूलाइ तुरुन्त रिहा नगरे हाम्रो संगठन सशक्त संघर्ष गर्न बाध्य हुनेछ । यसप्रकारको प्रतिरोधी संघर्षबाट आउने परिणामको जिम्मेवार स्वयं सामाजिक दलाल सरकार हुने कुरा पनि हामी यसै प्रेस विज्ञप्तिमार्फत जानकारी गराउन चाहन्छौं ।

## माके एमालेको ...

आ-आफ्ना पार्टीका चेयरमेन या मेचाधीसहरूको अन्तिम निर्णयको पर्खाइमा देखिन्छन् ।

पार्टीहरूबीचको एकता वास्तवमा निःसर्त हुन्छ र हुनुपर्छ । यो सैद्धान्तिक मान्यता हामीले पहिलेदेखि नै स्पष्ट गर्दै आएको कुरा हो । दुनियाँमा पार्टीहरूको बीचको एकता त्यतिबेला सम्भव भएको छ र हुने गरेको पनि छ, जतिबेला एकताबद्ध हुन चाहने दुई वा त्योभन्दा बढी पार्टीहरू आपसमा निःसर्त रूपमा सहमत हुन्छन् । जहाँ सर्तहरूले काम गर्न थाल्छ, त्यहाँ एकता हुन सम्भव हुँदैन । सर्तहरू राखिने ठाउँमा सामान्य कार्यगत एकता हुन सक्छ तर क्रान्तिकारी कार्यगत एकता पनि असम्भव हुन्छ । विगतका अनुभवहरू र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखिएका अनुभवहरूले पनि यो तथ्य स्पष्ट गर्छ कि जहाँ सर्तहरू राख्ने गरिन्छ, त्यहाँ सामान्य कार्यगत एकतासमेत असम्भव हुने गरेको छ । त्यसको पछिको खास कारण के हो भने जुन पार्टी आफ्नो नीति र कार्यक्रमप्रति प्रतिबद्ध हुन्छ र त्यो प्रक्रियाबाट राजनीतिक रूपले अगाडि बढ्न प्रतिबद्ध रहेको हुन्छ, त्यहाँ कुनै पनि सर्तमा बाँधिनु आफ्नो कार्यनीतिप्रति आश्वस्त हुन नसकेको भन्ने अर्थ हुन्छ । कार्यगत एकता भनेको लिने-छोड्ने मान्यता हो भन्नु एक प्रकारको अवसरवाद हो । राजनीतिक अनैतिकता पनि हो । यसप्रकारको कार्यनीतिले कि आफ्नो पार्टीलाई धोका दिइरहेको हुन्छ कि जनतालाई । तसर्थ, कार्यनीतिक एकताका लागि पनि राजनीतिक, सैद्धान्तिक र नीतिगत प्रश्नमा स्पष्ट हुनु आवश्यक हुन्छ ।

अर्को कोणबाट हेर्दा निःसर्त भनेको आफैँमा ठुलो र निर्णायक सर्त हो । क्रान्तिकारी पार्टीकाहरूका लागि क्रान्तिको प्रश्न वा क्रान्तिकारी कार्यदिशा प्रमुख सर्त हो । सुधारवादी पार्टीकाहरूका लागि सुधारवादी कार्यदिशा प्रमुख सर्त हुन आउँछ । एमाले-माके पार्टीभित्र नीतिगत प्रश्नमा विवाद नभएको उनीहरूले बताउँदै आएका छन् । दुबै पार्टीहरूमा अहिले देखिएका समानताहरू सतहमा प्रस्ट देखापर्छन् । दुबै पार्टी संसद्वादबाहेका विकल्प छैन भन्नेमा सहमत छन्, दुबै पार्टीहरू दलाल पुँजीवादको पृष्ठपोषण गर्ने मान्यतामा सहमत छन् । दुबै पार्टीहरू राष्ट्रिय पुँजीको विकासका विरुद्ध सहमत छन्, दुबै पार्टीहरू साम्राज्यवादपरस्त छन्, दुबै पार्टीहरू जनताको परिवर्तनको भावना र आकांक्षाविरुद्ध एकतबद्ध हुने विषयमा पनि मतभेद राख्दैनन् र दुबै पार्टीहरू घोर अवसरवादी भूमिकामा भविष्य देख्छन्, यी उनीहरूको नीतिगत मेल खाने विषयहरू हुन् । यी विषयमा यी दुबै पार्टीहरूमा कुनै विवाद देखिंदैन । उनीहरूमा देखापरेको विवादका विषयहरू उनीहरूको अवसरवादी तालमेल हो, जो एकताका लागि बाधक बनेको देखापर्छ । माके-एमाले गठबन्धन धाइराका दाउरा जम्मा गरेको बिटोजस्तै छ, बान्ह हाँगा बान्ह दिशातिर फर्केका । तर, पार्टी एकताका लागि यो त्यति जटिल विषय नहुन सक्छ ।

विगतमा तत्कालीन माले र तत्कालीन मार्क्सवादीबीचको एकता निःसर्त एकता थियो । त्यतिबेलाको मार्क्सवादी करिब राजावादीजस्तै भइसकेको थियो र कांग्रेससँग उसको लाइन पूर्णरूपले मेल खान्थ्यो । झापा आन्दोलनबाट थकित तत्कालीन माले दुमाको दुवाई दिंदै राजनीतिक एवम् वैचारिक रूपले पञ्चायतमा प्रवेश गरेपछि माले र मार्क्सवादीको बीचको एकता निःसर्त बन्यो, जो अहिले पनि चलिरहेको छ । तत्कालीन एकता केन्द्रमा चारपार्टीबीच एकता हुँदा पनि एक प्रकारले निःसर्त थियो । निःसर्तभित्र सबैको हातमा आ-आफ्नै दाउहरू थिए । प्रचण्ड र किरणको नेतृत्वमा रहेको नेकपा मशाल पक्ष सङ्गठनको बलमा कार्यदिशा स्थापित गर्न सकिन्छ भन्नेमा थियो । निर्मल लामाले नेतृत्व गरेको नेकपा चौथो महाधिवेशन लामाजीको प्रतिष्ठामा सङ्गठन कब्जा गर्न सकिन्छ भन्ने भ्रममा थियो । तर, महाधिवेशनसम्म जानका लागि दुबै समूहमा निःसर्त एकता थियो ।

शान्तिप्रक्रियामा आएपछि एमालेसँग पार्टी एकता गर्न पर्ने प्रस्ताव प्रचण्डबाट काभ्रेको कामीडाँडाको बैठकमा अघि सारियो । त्यहाँ दिइएको यौटा तर्क थियो, "एमालेमा केपी ओली यौटा भारतीय दलाल र राष्ट्रघाती रहेकै कारणले अरूसँगको एकतालाई इन्कार गर्नुहुँदैन । सारमा भन्ने हो भने त एकता भनेको सिङ्गै पार्टीलाई खाइदिने कुरा हो ।" प्रचण्डको यो तर्कसँग त्यतिबेलाको केन्द्रीय समिति असहमत हुने कुरा थिएन । तर, त्यसपछि यो कुरा अघि बढेन र किन बढेन भनेर त्यसपछिका औपचारिक केन्द्रीय समितिका बैठकहरूमा पनि प्रश्न गरिएन । विस्तारै एकताको कुरा चल्दै गयो, नारायणकाजीले नेतृत्व गरेको एकता केन्द्र-मसालसँग । त्यतिबेला भने पार्टीभित्रको कार्यदिशाका बारे कैयौं प्रश्न जन्मिसकेका थिए र त्यो एकताका बारेमा ठूलो बहस भयो । वास्तवमा प्रचण्डको तर्फबाट त्यो एकता पनि निःसर्त नै थियो, जसले माओवादी कार्यदिशा आन्तरिक रूपमा छाडिसकेको थियो र एकता केन्द्र-मसालको संसद्वादी कार्यदिशालाई निःसर्त अंगीकार गरिसकेको थियो । तर, अहिले एमालेसँगको एकतामा माकेभित्रका केही साथीहरूका लागि बाध्यता बनेको छ र केहीका लागि संकट । यो प्रस्ताव प्रचण्डका लागि भालुको टाउको समान भइसकेको छ, नछाडूँ समातिरहन नसकिने, छाडूँ आफैंलाई खाइदिने । एमालेसँग माकेको विलय हुनु अनिवार्य अवस्थाका बारेमा हामीले पहिले नै चर्चा गरेका थियौं । त्यसअनुसार नै उनीहरूको गठबन्धन पनि बन्यो र चुनावी नारा पनि बन्यो । त्यहाँसम्म पनि उनीहरूका बीच निःसर्त सहमति बनेको हो । तर, अहिले दुबैका अवसरहरू टकराइरहेका छन् । उनीहरूका बीचको अन्तर्विरोध सर्प, बिच्छी र भ्यागुताको ताकाताकजस्तो छ । सर्पले भ्यागुतो खाने दाउ, भ्यागुतोले बिच्छी र बिच्छीले सर्प टोक्ने दाउजस्तो बनेको छ एमाले माके-पार्टी एकता । तीन जन्तुको ताकाताकमा कसैले चारो नभेटेको जस्तो बनेको छ उनीहरूको एकताको दाउ ।

प्रचण्डको आनीबानी र सङ्गठनात्मक तुक बुझेका ओली एकता गर्नेभन्दा सरकारको आयु लम्ब्याउने चालमा लाग्नेछन् । सरकार संचालनमा आजित बनेका माकेका कतिपय नेताहरूले निकाससहितको एकता खोज्नुपर्ने छ । किनभने एमालेको भेलमा डुबियो भने इतिहासमा नभेटिने गरी माके पार्टी रसातलमा भासिनेछ, जसको उद्धारका लागि, निकास अहिलेका लागि ठूलो बुद्धिमानी हुनेछ । माकेका लागि यो काम नै सबैभन्दा बढी डाइनामिक हुनेछ र अत्यन्त जटिल अवस्थामा पार लाग्ने त्यान्द्रो पनि । माकेका लागि निकाससहितको एकता त्यसबेला सम्भव हुनेछ, जब उसले केही सैद्धान्तिक-राजनीतिक विषयमा बहस चलाउन खोजोस् । यो बहसबाट रणनीतिक सन्तुलन कायम गर्न माकेका लागि सहज हुनेछ । किनभने, एमालेभित्र सानो हिस्सा संसद्वादबाट समाजवादमा कसरी प्रवेश गर्ने भन्ने रोमान्समा तिरमिराएको छ, जसलाई प्रचण्डका वैचारिक तर्कहरू जायज हुनेछन् । यसले एकता भइहालेछ भने केपीको एकमना लादिने अवस्थामा एमालेभित्रैको केही हिस्सा प्रचण्डको पक्षमा आउने सम्भावना रहन्छ । यो स्थितिको सामना गर्न केपी ओलीले माकेभित्रका केही नेताहरूलाई साम-दाम-दण्ड-भेदका प्रयोगबाट आफ्नो पोल्टामा पट्याउन कोसिस गर्नेछन् । यसका लागि केपीले कोसैलाई मन्त्रीको कुर्चीबाट हटाउने र कोसैलाई पैसाले पुरिदिने काममा लाग्नुपर्नेछ र जसलाई जे गरेर हुन्छ, एमालेमा प्रवेश गराउन विश्वस्त हुने गरी पट्याउनुपर्नेछ । कुनै समयमा माओवादी भेट्न र प्रचण्डसँग कुरा गर्न मात्र फलामको च्युउरा चबाउनुसरह हुने केपीका लागि अहिले भने माकेलाई टुक्रा-टुक्रा पार्नु गहुँ-ओटको खाजा चबाउनु जतिको पनि हुनेछैन । त्यो अवस्था बुझेका प्रचण्डले मूलभूत रूपमा एमालेभित्रका भ्यागुताहरू झलनाथ, वामदेव र माधवहरूको चारो गर्न पाइन्छ कि भन्ने धन्दामा लाग्नेछन् । यो उनका लागि निकाससहितको एकताको अर्को बाटो हुनेछ । यो अवस्थामा प्रचण्डजस्ता सर्पको चारो हुनुभन्दा ओलीजस्तो बिच्छी नै बचोस् भन्ने सिद्धान्त भ्यागुताहरूको बाटो हुनेछ । यसरी हेर्दा माके-एमाले एकता अवसरवादी र धूर्तहरूको खेलको रोमाञ्चक प्रदर्शनजस्तो देखापर्छ ।

एमालेभित्रका केही व्यक्तिहरू माकेलाई फकाउन समाजवादको एजेन्डाअनुसारको बजेट आउनुपर्ने तर्क गरिरहेका छन् । यसको पछाडिको खास कारण यौटै हुन सक्छ, जितबहादुर नाम हुँदैमा जितिराख्ने हुँदैन भन्ने तर्क गर्दै पार्टीको नाम कम्युनिस्ट हुँदैमा समाजवादी हुइँदैन भन्ने केपीको तर्कबाट समाजवादको मन्त्र जपेका माओवादी फुत्कन्छन् कि भन्ने आशंका हुन सक्छ । यसप्रकारको तर्कले माकेभित्रका कतिपयको एकताको नाममा हुन विलयबाट चहऱ्याएको घाउमा मलम लगाउने काम पनि हुन सक्छ ।

तर यसले कतिपय नेपाली जनतामा भ्रम सिर्जना पनि गर्न सक्छ । नेपालको दलाल पुँजीवादी संसदीय सत्ताको आकार र क्षमताले समाजवादी कार्यक्रम बनाउन र प्रयोग गर्न पूर्णरूपले असमर्थ हुन्छ । संविधानमा समाजवाद उन्मुख भन्ने लेखिएको भन्ने तर्क गर्दै एकाधिकारवादी पुँजीवादको पक्षपोषण गर्ने दलाल पुँजीवादीहरूले सामाजवादी कार्यक्रम तर्जुमा गर्नु भनेको राँगोले जोत्ने हलो बोकाले तान्छु भन्नुजस्तै हो । जसरी राँगोको हलो बोकाको काँधमा राखेर तान्न सम्भव हुँदैन, त्यसैगरी दलाल पुँजीवादीहरूका लागि पनि समाजवादी कार्यक्रम बनाउनु र बनाइहाले पनि लागू गर्नु सम्भव हुँदैन ।

यसको परिणाम के हुन सक्छ ? यसको सहज उत्तर हो- दलाल संसदीय व्यवस्थाले ल्याउने परिणाम अस्थिरता, गरिबी, पराधीनता, लुटखसोट र ती विकृतिका विरुद्ध जनताको प्रतिरोध । त्यसले गर्ने काम भनेको पहिलो, छिटोभन्दा छिटो सरकार विघटन गर्ने हुन सक्छ । विघटन गर्नका लागि त्यति सजिलो छैन र त्यति असजिलो पनि । संसद्वादी-प्रतिगामी तथा सुधारवाद-उन्मुख दलाल पुँजीवादी नै भए पनि कम्युनिस्टको नाममा बनेको प्रान्तीय सरकार र केन्द्रमा कम्युनिस्ट गठबन्धन सरकार भारत र पश्चिमा देशहरूलाई त्यति मन पर्ने चित्र होइनन् । विजयकुमार नाम हुँदैमा विजय प्राप्त गर्ने हुँदैन भन्नुको तात्पर्य भारतलाई विश्वस्त पार्ने तर्क पनि हुन सक्छ केपी ओलीको । तर, यो काम लाग्ने तर्क होइन ।

सरकारको विघटन र नयाँ सरकार बन्ने अवस्था पैदा हुँदा बहुमतको सरकार बनेपछि देशमा स्थिरता र विकास हुन्छ भन्ने भ्रम संसदीय व्यवस्थाले जुन छर्ने गरेको छ, त्यो भ्रम पनि समाप्त हुनेछ । त्यसबाट देशमा संसदीय पार्टीमा बहुमतको सरकार भएन र विकास भएन भन्ने जुन तर्क गरिन्थ्यो, त्यसको औचित्य पनि समाप्त हुनेछ । त्यसको ठाउँमा एमालेका कतिपय नेताहरूले 'न भूतो न भविष्यत्अनुकूलको मजबुत सरकार' भनिरहेका छन्, त्यो पनि पूर्ण रूपले असफल भएको सावित हुनेछ । र, त्यसले यौटै तथ्य स्थापित गर्नेछ कि जबसम्म व्यवस्थामा परिवर्तन हुँदैन, व्यक्तिहरूको आकांक्षा र संसद्वादी गणितले काम गर्नेछैन । यसप्रकारको व्यवस्थाका विरुद्ध जनताको प्रतिरोध व्यापक रूपमा विकास हुनेछ । एकातिर त्यसले संसद्वादीहरूलाई फेरि उही गणितको खेलमा पुऱ्याउनेछ, जसले सांसद्हरूलाई खरिद-बिक्रीमा फसाउनेछ । अर्कोतिर जनताको प्रतिरोध व्यापक रूपमा उठ्नेछ किनकि जनतामा यो तथ्य स्थापित हुनेछ कि पुरानो व्यवस्थामा व्यक्ति बदलिएर काम हुँदो रहेनछ, स्वयम् व्यक्तिलाई बदल्नका लागि व्यवस्था नै बदल्न आवश्यक हुँदो रहेछ । त्यसबाट जनताको जनसंघर्ष अझ व्यापक र विशाल हुनेछ, जसले पुरानो संसदीय व्यवस्थालाई समूल नष्ट गर्नेछ र त्यसको स्थानमा वैज्ञानिक समाजवाद स्थापना हुनेछ । त्यसले नै सम्पूर्ण नेपालीलाई एकताबद्ध बनाउनेछ, राष्ट्रिय एकता पैदा गर्नेछ, राष्ट्रिय पुँजीको विकास गर्नेछ; शान्ति, स्थिरता र समृद्धिको बाटो तय गर्नेछ । मानव सभ्यताको सर्वोत्कृष्ट राजनीतिक, आर्थिक, सांस्कृतिक एवम् वैचारिक कदमको नयाँ सुरुआत गर्नेछ ।

... गताङ्कबाट बाँकी

# लेनिनका विलक्षण चारित्रिक गुणहरू ३

लेनिनका उपरोक्त चारित्रिक विशेषताहरू, जुन उनको अरूहरूसितकोसम्बन्ध र व्यवहारमा स्पष्टसित झल्किएका थिए, तिनबारेउनकैजीवनकालमा उनका सहयोद्धाहरूमाझ चर्चाहुने गर्थ्यो, र तिनीहरू तिनलाई उनको महानताको एउटा चिन्ह ठान्दथे तिनकोप्रशंसा गर्थे। इंकाजाकेविकले लेनिनको गुणको बारेमा उनका साथीहरूले चर्चा गरिरहेको बेलाको कुरा यसरी उल्लेख गरेका छन्ः

"उनीहरू लेनिनको बारेमा कुरा गर्दै गए, र तिनीहरूमा प्रत्येकले लेनिनमा भएका त्यस्ता गुणहरूबारे चर्चा गरे जसलाई उसले आफैँमा हुनुलाई बहुमूल्य ठान्थे।

"स्वेर्दलोवलेभनेः 'उनी विनम्र र अहंकारबाट बिलकूल मुक्त छन्। कुनै नेतामा त्यस्तोगुण ज्यादै विरलै पाइन्छ'।

"जार्झिब्स्कीले भनेः 'उनी सफा प्रकाशका साथ चिराग झैँ बल्छन्'।

"स्वेर्दलोवले भनेः 'उनी कृपालु र दयालु छन्'।

"जार्झेन्स्कीले भनेः 'उनी शत्रुहरूप्रति, तर शत्रुहरूप्रति मात्र कठोर छन्'।"

सादा जीवन र उच्च चिन्तन लेनिनको सम्पूर्ण जीवनको एउटा उच्च आदर्श थिए। तत्कालीन रुसका आम श्रमिक जनता, गरिब जनताले जुन किसिमको कठिन र अभावग्रस्त जीवन बिताएका थिए, उनले पनि त्यस्तै जीवन बाँचेका थिए। उनको जीवन कदापि सजिलो सुबिस्ताजनक थिएन, बरु उनको जीवनका अवस्थाहरू बिलकूल सादा र कठिन थिए। त्यसोभए पनि उनले त्यसको कुनै वास्ता राखेनन् र त्यसबारे कुनै गुनासो गरेनन्। त्यसबारे हेनरी बार्बुस्सेले लेखेका छन्ः

"भ्लादिमिर इलिचले एक गरिब मान्छेको जीवन बाँचेका थिए। ज्यादै विरल स्थितिमा तर नियमित रूपले होइन, आफू अत्यधिक दारुण कठिनाइको स्थितिमा हुँदा उनले पार्टीबाट पैसा लिन सकार्दथे। कहिलेकाहीं उनकी आमाले स्कुल निरीक्षकको विधवा हैसियतले पाएको आफ्नो भत्ताबाट केही पैसा पठाईदिन्थिन्। नत्रभने उनी आफ्ना व्यक्तिगत खाँचोहरू पूरा गर्न आफ्नै प्रयत्नबाट पैसा कमाउँथे।" लेनिनको जीवन उनले जुन महान् लक्ष्य लिएको थयोसो लक्ष्यको लागि आफ्नो सुख सुविस्ताको त्याग र सोलक्ष्यप्रति पूर्ण समर्पणको जीवन थियो। उनी जनताको मुक्ति र सुखको प्राप्तिका लागि महान् आत्म-त्यागको उत्कृष्ट आदर्श र दृष्टान्त थिए। उनी आफ्नो राजनीतिक जीवनमा मात्र होइन, आफ्नो व्यक्तिगत जीवनमा पनि कम्युनिस्ट योग्य कठोर अनुशासन, उच्च नैतिकता र आत्म- संयमको परिपालनका अनुपम दृष्टान्त थिए। तल अल्बर्ट विलियमद्वारा लिखित संस्मरण-लेखबाट अलि लामो उद्धरण प्रस्तुत गरिएको छ, जसले लेनिनको आत्म-त्यागलाई राम्ररी खुलस्त पार्छ। उनले लेखेका छन्ः

"... अरूहरूले जति खुराकी पाउँथे, लेनिनले लिने खुराकी पनि त्यतिकै नै थियो। सैनिक जवान र दूतहरू ठूला, रिक्त, ब्यारेक जस्ता कोठाहरूमा फलामे खाटमा सुत्थे। लेनिन र उनकी श्रीमती पति त्यसै गर्थे। व्यक्ति भएर, उनीहरू, अक्सर लुगा नफुकालिकन, कुनै पनि अपरझटमा उठ्न तयार भएर आफ्नो कडा कवचमा पल्टन्थे। लेनिनले कुनै वैरागी प्रेरणाबाट यस्तो दुःख उठाएका थिएनन्। उनी कम्युनिज्मको पहिलो सिद्धान्तलाई व्यवहारमा उतारिरहेका मात्र थिए।"

अगाडि उनी लेख्छन्ः

"उनको ज्यान मार्ने प्रयत्न पछिका दिनहरूमा उनी मृत्युनिकट रहँदा, चिकित्सकहरूले नियमित खाना-कार्डमा नभएको र कुनै फौबज्जारबाट बजारमा मात्र किन्न सकिने केही चीज खान निर्देशन दिए। आफ्ना मित्रहरूले निकै अनुरोध गर्दा पनि, उनले विधिवत् रासनको हिस्सा नभएको कुनैपनि चीज छुन इन्कार गरे।

"पछि, लेनिन स्वास्थ्यलाभ गरिरहँदा, उनकी श्रीमती र बहिनीले उनको पोषण बढाउनका लागि एउटा योजना सोचे। उनले आफ्नो भागको रोटी घर्रामा राख्ने थाहा पाएर, उनीहरूले उनको अनुपस्थितिमा उनको कोठाभित्र पसेर उनको खानामा बराबर एक टुक्रा राखिदिने गरे। आफ्नो काममा तल्लीन रहेका लेनिन घर्रामा पुगेर एकटुक्रा लिन्थे, र नियमित रासनमा थपेको भनेर थाहा नै नपाई खान्थे।"

१९१८ र १९१९ का वर्षहरूमा रुसका आम जनताले निकै कठिन जीवन बिताउनु परेको थियो, र लेनिनले पनि त्यस्तै जीवन बिताए। त्यस्ताका लेनिनलाई गाउँबाट अक्सर गेरर मासु, फलफूल, तरकारी उपहारस्वरूप पठाएका हुन्थे। ती सबै चीजलाई लेनिन अस्पताल र बालगृहहरूमा पठाउनेगर्थे। लेनिनको त्यस्तो चाला देखेर एकपल्ट उनकी बहिनी मेरिया इल्यीबिच्नाले उनलाई सो चीजमा केही आफूलाई राख्न भनिन्, किनभने सबै अरूलाई पठाइदिंदा उनी कमजोर भएर काम गर्न नसक्ने होलान् भनेर कुरा उठाए। त्यसको जवाफमा लेनिनले यसो भनेः "मजदुर र तिनका केटाकेटीहरू भोको रहेको थाहा पाउँदा पाउँदै म खान सक्दिन।"

लेनिनको चरित्रमा निहित उपरोक्त गुणहरू सच्चा सर्वहारा क्रान्तिकारी योद्धामा पाइने गुण थिए। त्यसबारे मैक्सिम गोर्कीले निम्न विचार व्यक्त गरेका छन्ः

"असाधारण रूपले बलियो संकल्प-शक्ति भएको एउटा मानिस, लेनिन सबभन्दा राम्रा क्रान्तिकारी बुद्धिजीवी समुदायमा पाइनेगुणहरूले सर्वोत्कृष्ट मात्रामा सुसज्जित थिए - जस्तो कि अक्सर आत्म- यातनासम्म उठ्ने आत्म-सीमितता, आत्म-आशक्तीकरण, राखमेतोवका नङ चत्र्याइँको अस्वीकृति, लियोनिद आन्द्रेयेवको नंग्रा, 'जनता दुखी जीवन बिताइरहेका हुनाले मैले पनि दुःख गरेर रहनुपर्छ' भन्ने तर्क" त्यसरी, सरलता, विनम्रता र आत्म-त्याग, जुन सर्वहारावर्गका राजनीतिक प्रतिनिधि रहेका कम्युनिस्टहरू, सच्चा कम्युनिस्टहरूको चरित्रमा हुनुपर्ने विशिष्ट गुणहरू हुन् - ती लेनिनको चरित्रमा उच्चतम र सर्वोत्कृष्ट रूपमा रहेका थिए। त्यसमा नै लेनिनको महानता रहेको थियो, र आम श्रमिक जनताले उनलाई साँच्चिकै आफ्नै मान्छेको रूपमा लिएको मुख्य कारण त्यही थियो। कुनै नेतामा उक्त चारित्रिक विशिष्टताहरूको अस्तित्व नै उनी सच्चा कम्युनिस्ट नेता हुन् भन्नेकुराको निस्सा (दसी) हो। एकजना रुसी कवि बर्दीकर्बाबायेब अफ्नो एउटा कवितामा यस्तो विचार व्यक्त गर्छन्ः

"It lies, Vladimir Lenin's greatness,
In that, to the last word, we find
Him plain and true, and therefotre deathless
And hence, for ever with mankind."

भावार्थः अन्तिम रूपमा, हामी लेनिनमा सीदापन र सच्चाइ पाउँछौँ, र त्यसमा नै उनको महानता रहेको छ, र त्यसैले उनी अमर छन् र त्यसैले उनी सदा मावन जातिको साथमा छन्। एक सच्चा नेता (कार्यकर्ता प्रतिको दृष्टिकोण) आफ्ना कमरेडहरूप्रति, आफ्नो सम्पर्कमा आएका र आफूले सम्पर्कमा ल्याएका व्यक्तिहरूप्रति कस्तो नीति अपानाइन्छ र कस्तो खालको व्यवहार गरिन्छ, यो कुरा कम्युनिस्ट नेताको पहिचानको एउटा कसी हो। यस कसीको आधारबाट हेर्ने हो भने लेनिन एक निकै उच्च र महान् नेता रहेको तथ्यलाई सजिलैसित बुझ्न सकिन्छ। कार्यकर्ताप्रतिको लेनिन दृष्टि र नीति सदा कमरेडी, सहानुभूति पूर्ण र सहयोगात्मक रहेको थियो। मैक्सिम गोर्की भन्छन्ः

"आफ्नो जीवनमा, भ्लादिमिर इलिच सरल, जनवादी तथा आफ्ना कार्यकर्ताहरूप्रति सहानुभूति थिए। उनी अटेरी ठिटोको पनि खिसी गर्दैनथे... महान् व्यक्तिहरू मात्र यत्तिको सरल रहन समर्थवान् रहन्छन्, र अक्सर लेनिनको बारेमा सोच्दा, मैले आफैँसित सोध्ने गरेको छुः सायद, व्यक्ति-पूजा महान् व्यक्तिको लागि विजातीय र घिनलाग्दोसमेत रहन्छ कि ?

"लेनिन एक महान्तथा जटिल मानिस थिए।"

मानिसहरू एक अर्कोबाट विभिन्न दृष्टिबाट भिन्न छन्। आफूमा रहेको क्षमता तथा योग्यता, आफ्नो उमेर, व्यक्तिगत रुचि तथा चरित्र आदिमा तिनीहरू एक अर्कोबाट फरक छन्। साँचो भन्ने हो भने, तिनीहरू एउटै कुरामा मात्र समान छन्- त्यो कुरा भने तिनीहरू मानिस हुन् र तिनीहरूको अस्तित्व छ। एकजना सच्चा नेताले तिनीहरूका गुण-अवगुण, तिनीहरूका योग्यता, क्षमता र रुचि, आदिको पहिचान गर्नु आवश्यक रहन्छ। त्यसको अर्थ हो, नेतामा व्यक्तिलाई ठोस रूपमा चिन्ने क्षमता हुनुपर्छ। लेनिनमा यो क्षमता प्रचुर मात्रामा रहेको थियो। यस क्षमतालाई उनले कामदारहरूसितको आफ्नो निरन्तरको सम्पर्क, मानिसहरू र तिनको आवश्यकताप्रतिको उचित दृष्टिकोण, उनीहरूसित आफूलाई एकाकार पार्ने गुण आदिद्वारा प्राप्त गरेका थिए। यससम्बन्धमा आफ्नो लेख "लेनिनको पाइला पछ्याउँदै" मा मेरोत्ता सागिन्यान लेख्छन्ः

"मानिसहरूसित सम्पर्क गर्ने, उनीहरूलाई बुझ्ने, उनीहरूबाट सिक्ने, उनीहरूलाई सिकाउनेर उनीहरूलाई प्रभावित गर्ने लेनिनमा जुन क्षमता थियो, उनमा त्यसको विकास उनीहरूसितको प्रयत्नशील तथा अथकित कामको क्रममा, उनीहरूको अध्ययन गर्ने उनीहरूको बीचमा रहने र उनीहरूका खाँचोलाई बुझ्ने तीव्र आवश्यकताबाट भएको थियो। उनी कहिलेपनि कुनै व्यक्तिलाई पन्छाउन, उसको तीव्र आवश्यकताको बेवास्ता गर्नसक्दैनथे। मानिसहरूसितको आफ्नो व्यावहारिक गतिविधिमा, लेनिन प्रमुख रूपले मानिसहरूको मनोवृत्ति बुझ्नका लागि किताबहरूको, साहित्यिक कृतिहरूको जाँचपड्ताल गर्थे... साँच्चिकैको महान् साहित्यबाट गरिएको मनोवैज्ञानिक अध्ययनले मानिस सम्बन्धी लेनिनको बुझाइलाई तीव्र रूपमा बढायो।"

मानिसहरूप्रतिको लेनिनको दृष्टिकोणमा एउटा महत्वपूर्ण तत्व के रहेको थियो भने उनी हरेक व्यक्तिमा कुनै न कुनैबहुमूल्य गुण हुन्छ भन्नेमान्यता राख्दथे, र त्यस आधारमा उसकोमूल्यांकन र प्रशंसा गर्दथे। कुनै व्यक्तिलाई कुनै कारणवश मन परेको नहुन सक्छ, तर पनि उनी उसमा राम्रोगुण छ भने उसको सम्मान गर्दथे। व्यक्तिमा अन्तर्निहित गुण पत्ता लगाउनेर सोगुणको आधारमा त्यसको क्षमतालाई बुझ्ने कलामा लेनिन निपुण थिए। मैक्सिम गोर्कीले मानिसलाई चिन्ने र त्यसको गुणलाई महान् लक्ष्यमा प्रयोग गर्ने लेनिनको क्षमतालाई दर्साउन एउटा दृष्टान्त प्रस्तुत गरेका छन्।

लेनिनले ट्राटस्कीलाई प्रशंसा गरेको प्रसंगमा गोर्की भन्छन्ः

"लेनिनले ट्राटस्कीको सङ्गठनात्मक सामर्थ्यको उच्च प्रशंसा गरिरहेको सुनेर मलाई निक्कै आश्चर्य लाग्यो, र भ्लादिमिर इलिचले उनको सो गुणलाई देखेका थिए।"

अनि गोर्कीले लेनिनको निम्न भनाइ उद्धृत गरेका छन्ः

"हो, मलाई थाहा छ, उनीसितको मेरो सम्बन्धबारे केही झूटहरूको प्रचार गरिँदैछ। जुन कुरा साँचो हो त्यो साँचो नै रहन्छ, जुन कुरो होइन, त्यो होइन नै हुन्छ, र त्यो मलाई पनि थाहा छ। एउटा कुरा के छ भने उनले हाम्रा सैनिक विशेषज्ञहरूको सङ्गठन गर्ने चाँजोपाँजो मिलाए।

"तर अझ पनि उनी हाम्रा होइनन्। उनी हाम्रो साथमा छन्, तर उनी हामी मध्येका एकजना होइनन्। उनी महत्वाकांक्षी छन् र उनमा लास्सालको जस्तो केही खराब कुरा छन्... "

लेनिन मानिसहरूप्रति निकै ध्यान दिनेर गम्भीरताका साथ सोच्ने गर्दथे र व्यक्तिभित्र भएका योग्यता र क्षमतालाई देख्न सक्ने गहन अन्तर्दृष्टि उनमा थियो। "लेनिनप्रति समर्पण" ("lines to Lenin") शीर्षकको आफ्नो कवितामा लेनिनको सो विशेषताबारे पाब्लो नेरुदाले लेखेका छन्ः

He peered into a man as if
man were a mineral yet unknown which he, Lenin, had discovered, and was now going to extract
water from the well,
to draw the people's hidden treasure
so that everything should sprout and be born
and the people be worthy of their time and earth."

भावार्थः "उनी मानिसभित्र यसरी चियाएर हेर्थे, मानौ मानिस भनेको अहिलेसम्मको अज्ञात रहेको कुनै खनिज पदार्थ हुन्, जसको पत्ता लेनिनले लगाएका थिए र अब उनी इनारबाट पानी तानेझैँ, मानिसहरूको लुकेको धनसारबाट, सर्वशक्तिमान ज्योति निकाल्न गइरहेका थिए, जसले गर्दा हर चीज टुसाएर पैदा हुनेछ र मानिसहरू आफ्नो समय र भूमिको योग्य बन्नेछन्।"

कार्यकर्ताहरूप्रति व्यवहारको सम्बन्धमा लेनिनको नीति मुख्य रूपमा उनीहरूलाई शिक्षित पार्नेतर्फ परिलक्षित रहेको हुन्थ्यो। यो नीति वास्तवमा शिक्षकको नीति थियो, जसको उद्देश्य अवमूल्यन गर्नु, उसमा भएका खराब प्रवृत्तिहरूलाई उकास्नु वा बढाउनु होइन, बरु उसका राम्रा गुणहरूलाई बढाउनु थियो। लेनिनले कहिलेपनि कुनै व्यक्तिलाई उसमा रहेका अवगुणलाई प्रोत्साहित गरेर, उसमा भएका लोभ लालच जस्ता नीच प्रवृत्तिलाई उस्काएर पार्टीमा भर्ती गर्न खोजेनन्, बरु उसलाई उसको आफ्नो प्रतिष्ठाप्रति सचेत पारेर भर्ती गर्ने तरिका अपनाएका थिए। कसैको गलत प्रवृत्तिलाई लिएर लेनिनले गर्ने आलोचना पनि उसलाई ठीक दिशामा रूपान्तरित गर्नुहुन्थ्यो। लेनिनको उक्त तरिकाबारे "लेनिनको पाइला पछ्याउँदै" मा सागिन्याना लेख्छन्ः

"तर पार्टी कार्यकर्ताहरूको शिक्षामा लेनिनको सबभन्दा प्रभावकारी साधन भनेको व्यक्तिको प्रतिष्ठामा चोट नपुऱ्याउने मात्र होइन, बरु उसको प्रतिष्ठालाई उठाउने र जब्बर पार्ने उनको सामर्थ्य हो। ... लेनिनले मजदुरहरूमा 'बेलायतमा भावी क्रान्तिको प्रेरक शक्ति' देखे। आफ्नोतर्फबाट क्रुप्स्कायाले भनिन्ः 'लेनिनले सधैँभरि त्यस्तो साधारण बृटिश मजदुरमा आशा राखे जसले, सारा कुरा हुँदा- हुँदैपनि, आफ्नो वर्गीय सहजज्ञान कायम राखेको हुन्छ'। एउटा बलियो समूहमा रहेको भावनामा आधारित र साझा दैनिक श्रमको क्रममा निर्मित मजदुरको वर्गीय सहज ज्ञान प्रतिष्ठाको भावनासित घनिष्ठ रूपले गाँसिएको थियो, र सो सहज ज्ञान दास्यता, चापलुसी, कायरता वा हठी आत्म-विश्वाससित नमिल्दो थियो, त्यस्तो विश्वस्त अविचल प्रतिष्ठा र अर्कोतिर अहँकारी फाइँफुटी, आत्म महत्व, घमण्ड, हठीपन र स्वार्थीपनको बीचमा नाघ्नै नसकिने खाडल रहेको छ। यदि कोही व्यक्ति मानिसहरूको नेतृत्व गर्नर तिनीहरूलाई प्रभावित पार्न चाहन्छ भने त्यसले उपरोक्त चीजहरूका बीच अत्यधिक सूक्ष्म भेद गर्न सक्नै पर्छ। अहंकारका सारा अभिव्यक्तिहरूमाथि रोक लगाइनु पर्छ, पार्टी सदस्यहरूमा तिनको उन्मूलन गरिनुपर्छ, अर्कोतिर, शान्त प्रतिष्ठायुक्त व्यक्तिहरूलाई, निडर रूपले स्वतन्त्र फैसला गर्न सक्ने व्यक्तिहरूलाई पार्टी-पंक्तिमा आफ्नो आँखाको नानी जस्तैगरी संरक्षित गर्नु आवश्यक छ।"

कुनै व्यक्तिको योग्यता र क्षमतालाई पत्ता लगाउने गुण लेनिनको चरित्रमा रहेको एउटा आधारभूत लक्षण थियो। अहम् भाव र आफू ठूलोको अहङ्कारको पूर्ण अभाव र आफ्नोजस्तै अरूको अस्तित्व पनि विद्यमान छ भने सचेतना त्यसको पछाडि रहेका प्रेरक तत्व थिए। मानिसहरूसित लेनिनको सम्बन्धमा रहेको मुख्य कुरा तिनीहरूको योग्यताको प्रस्फुटन गर्न सहयोग गर्ने र तिनीहरूलाई शिक्षित पार्ने उद्देश्य थियो। यसमा लेनिनको मुख्य उद्देश्य तिनीहरूलाई आफ्नो स्वार्थमा प्रयोग गर्नु र अनि पन्छाउनु थिएन, बरु, तिनीहरूको योग्यताको उचित उपयोगद्वारा तिनीहरूको प्रतिष्ठालाई बढाउनु र तिनीहरूलाई शिक्षित पार्नुथियो। शोषक प्रवृत्ति भएका र अहङ्कारी नेतृत्वकारी व्यक्तिहरूद्वारा अपनाइने, मानिसलाई आफ्नो स्वार्थ-सिद्धिको साधन बनाउने तरिकाको बिलकूल विपरित लेनिनको तरिका थियो। यसलाई मेरीत्ता सागिन्यानाले निम्न शब्दमा प्रस्तुत गरेका छन्ः

"कुरा जेसुकै होस्ः बोल्सेविकहरूको निडरताका साथ कुन कुरालाई मान्नै पर्छ भने व्यक्तिलाई साधनमा फेर्ने उक्त तरिका कहिलेपनि, अलि पनि लेनिनलाई स्वीकार्य थिएन। उक्त तरिका स्वभावैले गम्भीर रूपले लेनिनवाद-विरोधी थियो। पार्टी संघर्षमा उच्चतम रूपले सैद्धान्तिक रहनु, जरैसम्म गएर पार्टीका गल्तीहरूलाई खुलस्त पार्नु, जोकोहीसित साँचोकुरा बोल्नमा कहिले नहिच्किचाउनुका साथै लेनिनले कहिले पनि कुनै व्यक्तिलाई एउटा साधन (शैक्षिक दृष्टिले उसलाई प्रभावित पार्ने सम्भावनालाई छाडेर) बनाएनन्, सो व्यक्तिलाई सदा एउटा लक्ष्यको रूपमा (उसलाई रूपान्तरित गर्ने, शिक्षित पार्ने र विकसित गर्ने सम्बन्धमा) व्यवहार गरे। तसर्थ, कुनै व्यक्तिको अपमान गर्नु, उसको अवमूल्यन हुने र उसको प्रतिष्ठा गुम्ने गरी गहन रूपले उसको अपमान गर्नु सबभन्दा अस्वस्थ खालको शिक्षा हो। यस्तो अपमान–कडा शब्दमा यसलाई मानहानि भन्न सकिन्छ - यस्तो मानहानिले मानिसलाई खतम पार्छ, उसको स्नायु-प्रणालीमा नोक्सान गर्छ वा उसलाई कमारो, पाखण्डी, मतलवी र चापलुसीमा फेर्छ।"


लेनिनको व्यवहारमा कुनै आडम्बर थिएन, कुनै साधु विरालोपन थिएन। जो व्यक्तिहरू लेनिनसित भेटी कुरा गरेर फर्कन्थे, उनीहरू केही महत्वपूर्ण ज्ञान, कुनै राम्रो कुरा वा प्रेरणा पाएको अनुभव गर्थे। लेनिनको सम्पर्कमा आएका व्यक्तिहरूलाई उनीहरूभित्र रहेको राम्रो गुण खुलस्त भएको अनुभूति हुन्थ्यो। फ्रान्सेली कवि पौल वाइलैन्ट कौटुलिएर लेख्छन्ः

"भ्लादिमिर इलिच स्वयं क्रियाशिलता थिए र साथैउनी एक पूर्णमार्क्सवादी थिए। उनीसितकोसम्पर्कबाट तपाइँकोमनमा जुन छाप परेको हुन्छ, त्यसलाई एउटा गुम्सेको कोठाभित्र हावाको एउटा झोक्का छुट्टेर पसेको सित तुलना गर्न सकिन्छ। त्यसले पूर्वाग्रह तथा जडवत् सिद्धान्तहरूमा जेलिएको मस्तिष्कलाई ताजगी प्रदान गर्थ्यो।"

### भविष्यका मानिस

महान् सिद्धान्तकार र महान् राजनीतिक नेताकोरूपमा लेनिनका सारा क्रियाकलापहरू श्रमिक मानवजातिको मुक्ति तथा सुखका लागि, विद्यमान समाजको क्रान्तिकारी रूपान्तरणद्वारा नयाँ, कम्युनिस्ट समाजको निर्माणको महान् लक्ष्यमा केन्द्रिभूत र समर्पित रहेका थिए। उनको सम्पूर्ण जीवन-कार्यश्रमिक जनताको शोषण-उत्पीडनप्रति तीव्र विरोध, शोषणमुक्त नयाँ संसारको निर्माणको सम्भावनाप्रति अविचल विश्वाश र क्रान्तिकारी आशावादबाट ओतप्रोत रहेको थियो। उनी आम श्रमिक जनताद्वारा अधिकतम रूपमा सम्मान र श्रद्धा गरिएका व्यक्ति थिए, र तिनीहरू उनलाई आफ्नै मान्छे, आफ्नै एउटा हिस्सा ठान्थे। फ्रान्सका पौल वाइलेन्ट-कोटुरियरले आफूमाथि परेको लेनिनको छापबारे निम्न विचार व्यक्त गरेका छन्ः

"बुद्धिजीवी लेनिन एकजना मजदुरले सोचे जस्तै सोच्न सक्थे। वक्ता लेनिन खोक्रा वाक्यांश र आडम्बरी शब्दहरूको प्रयोगबिना कुरा गर्दथे। यो मान्छे जसले संसारलाई हल्लाइदिए, यस्तोमान्छे जसले संसारले भोगेको सारा कुरालाई आफ्नै चेतनामा पुनर्जीवित गरे- यस मान्छेले चिनियाँ कुल्ली वा हब्सी ढोकेको जस्तै अनुभूति चिन्तन गर्ने आफ्नो अद्भूत क्षमतालाई आखिरीसम्म कायम राखे। पददलित अन्नामिटहरू र हिन्दूहरू उनको लागि पेट्रोग्राड धातु मजदुर, पेरिसका कपडा बुनाइ मजदुर वा भर्जिनियाका खानी मजदुर



जत्तिकै बोधगम्य थिए, एउटा खुल्ला पुस्तक थिए। लेनिन मानवको एउटा उत्कृष्ट नमुना थिए, र हाम्रो लागि उनी भविष्यको मानिसका लागि आदर्श नमुना थिए।"

माथि हामीले लेनिनको चरित्रका जुन विशिष्ट लक्षणहरूबारे चर्चागरेका छौँ, ती गुणहरूको उपस्थितिको कारणले गर्दा उनी साँच्चिकै भविष्यका मानिसका नमुना थिए, भविष्यमा स्थापित हुने कम्युनिस्ट समाजको मानिसको प्रतिमूर्ति थिए। लेनिनको व्यक्तित्वमा महान् मस्तिष्क र महान् दिलको अपूर्व मेल (एउटा अंग्रेजी कवि ज्याक लिन्दसेको शब्दमा, "मस्तिष्क र दिल भरिपूर्ण समन्वयमा") रहेको थियो, विशाल बुद्धि तथा प्रतिभा र जनमुक्तिको लक्ष्यप्रति उत्कृष्ट समर्पण, जनशत्रुप्रति अपार घृणा र जनताको विजयप्रति दृढ विश्वास, उच्च विवेक र सरलता, विनम्रता, सत्यप्रति निष्ठा, तथा कमरेडी भावनाको अनुपम मेल रहेको थियो। उनको चरित्रका उक्त महान् विलक्षणता उनी साँच्चिकै भावी, कम्युनिस्ट समाजका मानिस हुन् भन्ने तथ्यको अकाट्य दसी हो। लेनिन यस्ता आदर्श नेताको रूपमा स्थापित छन्, जसको जीवन र कार्य वर्तमान युगका आम कम्युनिस्टहरूका लागि ज्ञान, प्रेरणा र हौसलाको स्रोत मात्र होइनन्, त्यसका साथै अनुसरणयोग्य पनि छन्। उनको पदानुसरण गर्नु भनेको आफूलाई सच्चा कम्युनिस्टमा विकसित गर्नतर्फ परिलक्षित गर्नु हो भन्ने सबै कम्युस्टिहरूले बुझ्नुपर्ने कुरा हो। त्यसका साथै, लेनिनको चरित्र-चित्र एउटा यस्तो दपर्ण हो जसमा हेरेर कम्युनिस्टहरूले आफू कति स्तर र हदसम्म सच्चा कम्युनिस्ट बनेका छन् भन्ने कुरा बुझ्ने छन्, त्यो एउटा यस्तो कसी हो जसमा घोटे र हेरी उनीहरूले आफ्नो कम्युनिस्ट योग्य गुणको स्तरलाई थाहा पाउन सक्नेछन्। यस सम्बन्धमा स्टालिनको एउटा धारणा मननयोग्य छ, जुन उनले "मास्कोको स्टालिन निर्वाचन क्षेत्रका मतदाताहरूको सभामा दिएको भाषण" मा व्यक्त गरेका थिए। उनको भनाइ यस प्रकारको छ :

"मतदाताहरूले, जनताले कुन कुराको माग गर्नुपर्छ भने तिनीहरूका प्रतिनिधिहरू आफ्नो अभिभारा पूरा गर्न समर्थवान् हुनुपर्छ, तिनीहरू राजनीतिक गँवारको स्तरमा पतित हुनु हुँदैन, आफ्ना पदमा तिनीहरू लेनिन-खालका राजनीतिक व्यक्ति हुनुपर्छ, सार्वजनिक व्यक्तित्वको हैसियतले तिनीहरू लेनिन जत्तिकैस्पष्ट र निश्चित हुनुपर्छ, तिनीहरू लेनिन जत्तिकै संग्राममा निडर र जन-शत्रुहरूप्रति निर्मम हुनुपर्छ, चीजहरू जटिल हुन थाल्दा र क्षितीजमा कुनै खतरा देखापर्दा तिनीहरू सारा त्रासबाट मुक्त हुनुपर्छ, तिनीहरू लेनिन जत्तिकै सबैखालको डर-त्रासबाट मुक्त हनु पर्छ, तिनीहरू सारा अनुकूल-प्रतिकूलको विस्तृत परिचय र विस्तृत मूल्यांकन गर्नुपर्ने जटिल समस्याहरूबारे व्यवहार गर्नमा लेनिनजत्तिकै बुद्धिमान र विचारवान् हुनुपर्छ, तिनीहरू लेनिन जत्तिकै सदाचारी र इमान्दार हुनुपर्छ, तिनीहरूले लेनिनले जस्तै आफ्ना जनतालाई प्यार गर्नुपर्छ।"

आज शोषित-पीडित जनताको मुक्ति र सुख-समृद्धिका लागि तिनको प्रतिनिधित्व गर्दै लडिरहेका प्रत्येक क्रान्तिकारीले, लेनिनको जीवन-लक्ष्यलाई निरन्तरता दिन चाहने प्रत्येक कम्युनिस्ट कार्यकर्ताले आफ्नो सम्पूर्ण कार्य, व्यवहार र आचरणलाई लेनिनवादी भावना र उत्साहले अभिप्रेरित गर्दै अघि बढ्नुपर्छ। यसरी मात्र उसले लेनिनद्वारा थालिएको मानव-मुक्तिका विशाल-प्रक्रियालाई अघि बढाउने पक्षमा, वर्गहीन समाजको निर्माण गर्ने महान् तथा उदात्त पक्षमा योगदान गर्न सक्नेछ। तिनीहरूको प्रमुख दिशाबोध लेनिनले झैँ सोच्ने, लड्ने, व्यवहार गर्ने हुनु आवश्यक छ। मेरीत्ता सागिन्यानाले माथि उल्लेखित लेखमा यस सम्बन्धमा यस्तोविश्वास व्यक्त गरेका छन्ः

"... हाम्रो विश्वासमा, त्यो समय आउनेछ, जब हामी सबजनाले लेनिनले जस्तै चिन्तन गर्नेमात्र होइन, बरु उनले जस्तै जिउन र अनुभव गर्न सिक्नेछौँ।"

# पुँजीवादी विश्वदृष्टिकोणका विरुद्ध भीषण गोलावारी : वैज्ञानिक समाजवाद


अनिल विरही

नेपालको कम्युनिस्ट आन्दोलनका युवा नेता क. विप्लव एकजना कवि र निबन्धकार पनि हुनुहुन्छ । 'कसले बनायो नी दाजै उडिजाने बस' जस्ता (गीत कविता नै मानिन्छ र कवितामा स्वर र सङ्गीत जोडेपछि गीत भन्ने गरिएको छ) माओवादी धाराभन्दा बाहिरसमेत ती गीतहरू लोकप्रिय रहेका छन् र 'विप्लव संकलित रचना, भाग १ प्रकाशित भएको एक वर्षभित्र उहाँको अर्को मौलिक रचना 'वैज्ञानिक समाजवाद' प्रकाशित भएको छ । पहिलो कृति उहाँ संलग्न पार्टीको प्रकाशन गृहले प्रकाशित गरेको थियो भने पछिल्लो कृति 'रातो प्रकाशन गृह' ले प्रकाशित गरेको छ ।

कृतिमा १३ वटा फरक-फरक शीर्षकमा रचनाहरू रहेका छन् । जसमा वैज्ञानिक समाजवादको पृष्ठभूमि, उतारचढाव र यसको अपरिहार्यताको विषयमा विशद् व्याख्या गरिएको छ । 'वैज्ञानिक समाजवादको खोज' शीर्षकमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सभन्दा पूर्वका दार्शनिक, ऋषि र सन्त तथा उदार शासकहरूले मानवजातिको सेवा तथा भलाइका लागि गरेका प्रयत्नहरूको व्याख्या गरिएको छ । ती प्रयत्नहरूको असफलता के कारणले हुन गयो भन्ने विषय पनि स-विस्तार व्याख्या गरिएको छ । मार्क्सवादको विपक्षमा रहेको आदर्शवादी दर्शन विभिन्न हाँगामा रहेको, त्यसले एकेश्वरवादी अर्थात् ईश्वर एक मात्र रहेको भन्नेहरूमाथि भीषण दमन गरेको भए पनि मार्क्सवादको विरुद्ध भने एउटै मोर्चामा बसेर कसरी लडिरहेका छन् ? भन्ने विषयमा कृतिमा व्याख्या गरिएको छ । अध्यात्मवादी अथवा आदर्शवादीहरूले राजा, महाजन, सामन्त वा पण्डित-पुरोहित, मुल्ला, पादरी (धार्मिक नेता) ईश्वरका प्रतिनिधि हुन्,उनीहरूको विरोध ईश्वरकै विरोध हो र भयानक अपराध हो भन्ने कुराको दावी गर्छन् । त्यसको आधारमा हजारौं वर्षदेखि आर्थिक, राजनीतिक, सांस्कृतिक शोषण र दमन गर्दै आएका छन् । जसको विरुद्ध तथ्यगत खण्डन गरिएको छ । जसअनुसार राजा, सरकार, पार्टी, नेताहरू हिजो जस्ता थिए, आज त्यस्तै छैनन् । यिनीहरू बदलिइरहेका छन, नासवान् छन् र यिनीहरूको पतन वा नास अनिवार्य छ । नयाँ जन्मन्छन् । त्यसैले आजका सत्ताधारी संस्था र व्यक्तिहरू निषेध नयाँद्वारा हुन्छ, क्रान्तिद्वारा नयाँ व्यवस्था आउँछ भन्ने कुरालाई सविस्तार व्याख्या गरिएको छ । आज उपभोक्तावाद उत्कर्षमा छ । राजनीतिक बेश्यावृत्ति चरममा चलिरहेको छ । दल बदल विहीं कसैलीको आधारमा चलिरहेको छ । घटना हेरेर कम्युनिस्ट कार्यकर्ताहरू पीपलको पातझैं सानो हावाको झोक्कामा पल्टा मारिरहेका हल्लिरहेका छन् । यस्तो बेला मान्छेलाई वैचारिक रूपले संगठित गर्ने, दह्रो मनोबल निर्माण गर्ने र अर्काको सपनाको भरिया नबन्न यो कृतिले प्रेरित गर्नेछ । 'तिम्रो आफ्नो सपना भएन भने तिमीलाई अरू कसैले आफ्नो सपनाको भरिया बनाउँछ' एकजना दार्शनिकले भनेका छन् । आज केपी ओलीजस्ता पुँजीवादका दलालहरू अध्ययन, खोज, प्रश्न, आलोचना र सपना मार्न प्रेरित गर्दैछन् । यो दुई विश्वदृष्टिकोणको बीचको संघर्ष हो । पुँजीवादी विश्वदृष्टिकोण (केपी ओली) र मार्क्सवादी विश्वदृष्टिकोण (विप्लव) बीचको भीषण गोलाबारी हो । आदर्शवादले, सामन्तवाद र पुँजीवादले मजदुर, किसान र श्रमिकलाई सबै शोषण, उत्पीडन, अन्धविश्वास सहेर बस, यी ईश्वरकै उपज हुन् । ईश्वरकै इच्छाले मात्र परिवर्तन हुन्छन् भनेर अस्त्रशस्त्रविहीन बनाउँछ । यो कृतिले श्रमिकवर्गलाई बलियो अस्त्र प्रदान गरेको छ ।

मानवजातिको आधुनिक चेतना शुन्यबाट भएको होइन । यो खण्डित र विछिन्न रूपमा होइन कि निरन्तरता र उत्कर्षको रूपमा भएको हो । कृतिकारले त्यसलाई अझ चहकिलो पार्नुभएको छ । उहाँ भन्नुहुन्छ- बाँच्नको लीगि मान्छेले अरू जनावरले भन्दा फरक प्रकारले श्रम गर्न थाल्यो । श्रमको कारणले नै मान्छेको पुच्छर हराउँदै, हात गोडा फरक बन्दै अरू जनावरबाट अलग भयो । श्रमको चेतना र विचारको कारण मान्छे आधुनिक समाजका विभिन्न चरण पार गरेर पुँजीवादी युगभित्र आइपुगेको छ । आज मान्छे पुँजीवादबाट वैज्ञानिक समाजवादतिर यात्रारत छ र सम्भवतः आउँदा केही शताब्दीपछि पुँजीवादको अन्त्य हुनेछ । विश्वमा साम्यवाद आउनेछ र त्यो पनि विकासको नियमअनुरूप नै नयाँ बन्दै जानेछ, (पृ.१५) । यसरी कृतिले मार्क्सवादी ज्ञानशास्त्रको अविच्छिन्नतालाई कायम राख्दै, त्यसलाई खेत खलियानामा पुऱ्याउने उद्देश्यसहित सरलीकृत गर्दै विकास वा समृद्धीकरण गरेको छ । लेखकले बुझ्ने र बदल्ने प्रक्रियाबीचको द्वन्द्ववादलाई सरल तर सुबोधगम्य शैलीमा प्रस्तुत गर्नुभएको छ । 'द्वन्द्वात्मक भौतिकवादी दर्शनले मानवसमाजलाई वैज्ञानिक ज्ञानद्वारा बुझ्न र परिवर्तन गर्न सकिन्छ भन्नेमा विश्वास गर्छ । वस्तु समाज र राज्यको जन्म र विकासबारे वैज्ञानिक बुझाइ भइसकेपछि तिनलाई परिवर्तन पनि गर्न सकिन्छ भन्ने यसको मान्यता हो, (उही, पृष्ठ १५) । बुझ्नु र बदल्नु विषयको सन्दर्भमा लेखकको निष्कर्ष छ । सरल शैलीमा गम्भीर भावबोध गर्नु र त्यसैगरी प्रस्तुत गर्नु लेखकको मौलिकता हो ।

भ्रमराझैं घुम्नु तर ठोस र पेचिलो प्रस्तुति गर्न नसक्नु संश्लेषणको समस्या हो । यो मूलतः जिम्मेवारी र क्षमताबीचको अन्तरविरोध नै हो । यो कृति त्यसप्रकारका समस्याहरूबाट पृथक कृति हो ।

संसारलाई बुझ्न र बदल्न सकिन्छ भन्ने ज्ञान प्रामाणिक रूपले राख्नु नै द्वन्द्वात्मक भौतिकवादी दर्शनको सबैभन्दा ठूलो योगदान हो । जसको आधारमा वैज्ञानिकहरू प्रकृतिका सारा रहस्यहरूको कारण खोज्न उत्साहित भएका छन् र प्रकृतिसँगको संघर्षमा विजयी भएका वा हुँदैछन् । संसार परिवर्तनशील भएकोले बदलिँदो कुरा निश्चित र अनिवार्य भए पनि क्रान्ति र परिवर्तनको चाहनाले मूर्तरूप ग्रहण गरेको अवस्था छ । लेखकले कृतिमा यी विषयलाई स-विस्तार व्याख्या गरेका छन् । संशोधनवाद भनेको कम्युनिस्ट आन्दोलनभित्र घुसेको छद्म पुँजीवाद हो । यसले आफूलाई कम्युनिस्ट भएको दावी गर्छ तर पुँजीपतिवर्गको सेवा गर्छ । त्यसप्रकारको बानियाँगिरीलाई (कालो बजारी) परास्त नगरी क्रान्तिकारी मार्क्सवादको विकास गर्न सम्भव छैन । ऐतिहासिक सन्दर्भसहित मार्क्स, लेनिन, स्टालिन र माओले समकालीन संशोधनवाद कस्तो कस्तो रङका जामा भिरेर प्रकट भए ? उनीहरूको विरुद्ध कसरी संघर्ष भयो, कृतिमा व्याख्या गरिएको छ । यो अध्यायले हाम्रो समयको संशोधनवादसँग कसरी लड्ने ? त्यसको महत्व कति छ ? भन्ने दिशाबोध गराएको छ । कृतिमा भनिएको छ, 'श्रमिकवर्गको मत लिएर चुनाव जित्न कम्युनिस्ट नाम राख्नुपर्ने अनि पुँजीवादी लुटेरासँग मिलेर सत्ताको रसास्वादन गर्न र भद्दा प्रकारले पुँजीवादीहरूभन्दा बढी तुच्छ लुटपाटमा सहभागी बन्न 'संसद्बाट समाजवाद' भन्ने कुरूप चरित्रमा यो प्रदर्शित भइरहेको छ, (पृ. २५) ।' पुँजीपतिवर्ग र उसको राजनीतिक प्रणालीमा बसेर श्रमिकवर्गलाई लुटपाट गर्नु र चुनाव जित्न अथवा जनतामा भ्रम छर्न कम्युनिस्ट झन्डाको दुरुपयोग गर्ने मनोवृत्तिको उपज नै संशोधनवाद हो । जो नेपालमा आज सामाजिक दलाल पुँजीवादको रूपमा प्रकट भएको छ । ओली दाहाल मण्डलीले त्यसको प्रतिनिधित्व गरिरहेको छ ।


कृतिको दोश्रो अध्याय हो, 'वैज्ञानिक समाजवादको सफलता' या अध्यायमा लेखकले वैज्ञानिक समाजवादले व्यवहारको कसीमा कुन कुन क्षेत्रमा सफलता हासिल गऱ्यो ? मानवसभ्यताको क्षेत्रमा यसले के कस्ता योगदानहरू प्रदान गऱ्यो, मानवसभ्यताको क्षेत्रमा यसले के कस्ता योगदानहरू प्रदान गऱ्यो भन्ने प्रश्नहरूको जवाफ दिएका छन् । मार्क्सवादी दर्शनको आधारमा पहिलो सर्वहारा क्रान्ति सन् १८७१ को पेरिस विद्रोह थियो । सन् १८७१ मार्च १८ मा पहिलो पटक पुँजीवादी सत्ता बदलेर सर्वहारा सत्ता कायम भएको थियो । त्यो क्रान्तिले मार्क्सवादको वैज्ञानिकता पुष्टि गऱ्यो । त्यसपछि पेरिस कम्युनको सफलता र असफलताबाट शिक्षा लिएर सन् १९१७ मा लेनिनको नेतृत्वमा रुसमा महान् अक्टोबर क्रान्ति सम्पन भयो । यो मार्क्सवादको अर्को सफलता र विजय थियो, अक्टोबर क्रान्तिलगत्तै फासिवादरूपी (हिटलर) पुँजीवादसँग मार्क्सवादले विजय प्राप्त गऱ्यो । हिटलरको पराजय अन्ततः पुँजीवादकै पराजय थियो । हिटलररूपी पुँजीवादको पराजयलगत्तै पूर्वी युरोपमा समाजवादी क्रान्तिको लहर आयो, त्यसपछि सन् १९४९ मा कृषिप्रधान र औपनिवेशिक देश चीनमा जनवादी क्रान्ति सम्पन्न भयो । त्यही आसपासमा कोरिया, भियतनाम, कम्बोडिया, क्युबालगायत धरतीको एक तिहाइ भू-भाग र जनसंख्याको आधारमा समाजवादी सत्ता स्थापना भए । वस्तुगत आधार नभईकन ती क्रान्तिहरू सम्भव थिएनन् । आज विश्वमा समाजवादी सत्ता सत्तारुढ अवस्थामा छैन । समाजवादी क्रान्तिका उपलब्धिहरूको पक्ष-विपक्षमा बहसहरू चलिरहेका छन् । सत्तारुढ पुँजीपतिवर्गले भौतिकसत्ता प्रयोग गरेर समाजवादको विरुद्ध ढुंगामुढा वर्षाइरहेको छ । संशोधनवादी चमेराहरू पुच्छर लुकाएर भागिरहेका छन् । यस्तो समयमा लेखकको प्रकाशित कृतिमा वैज्ञानिक समाजवादका उपलब्धि र सफलताको विषयमा सूत्रबद्ध प्रस्तुति गरिएको छ । भियतनामी क्रान्ति, कोरियाली क्रान्ति र क्युबाली क्रान्तिको सन्दर्भमा कृतिमा सकारात्मक विचार प्रवाह गरिएको छ, जसको विषयमा विश्व कम्युनिस्ट आन्दोलनमा प्रश्नहरू छन् ।

कृतिको तेस्रो स्थानमा 'वैज्ञानिक समाजवाद-साम्यवादको लोकप्रियता' शीर्षकको आलेख समावेश छ । वैज्ञानिक समाजवादी क्रान्ति सफल भएपछि त्यसको प्रभाव र लोकप्रियता कस्तो थियो त भन्ने सन्दर्भमा यहाँ उल्लेख छ । लोकप्रियताका विश्चित आधारहरू थिए, जसको विषयमा कृतिमा प्रस्तुत गरिएको छ । त्यस्तो लोकप्रिय व्यवस्था कसरी विस्थाप्ति भयो त ? प्रश्न उठ्छ, वैज्ञानिक समाजवाद लोकप्रिय हुनुमा मूलतः आजसम्मको राजनीतिक व्यवस्थामा सबैभन्दा वैज्ञानिक र जनवादी हुनुले हो, लेखकको निष्कर्ष छ । मार्क्सवादले दर्शनको क्षेत्र र त्यसको आलोकमा समाजवादी सत्ता स्थापना गरेर आफ्नो वैज्ञानिकता र जनपक्षीयतामा आफूलाई श्रेष्ठ सावित गरेको छ, जसको कारण यसको लोकप्रियता घटेको छैन । यसका प्रवर्तक कार्ल मार्क्स २० औं शताब्दीकै लोकप्रिय दार्शनिक सावित हुनुभएको छ र समाजवादको पारो उकालो चढिरहेको छ ।

पुँजीवादसँगको संघर्षमा वैज्ञानिक समाजवादले ठूलो क्षति र धक्का खानुपरेको यथार्थ हो । त्यसको वस्तुगत र आत्मगत कारणको खोजी गर्नु आजका मार्क्सवादीहरूको दायित्व हो । लोकप्रियताले किन निरन्तरता पाउन सकेन ? यो नै अनुसन्धानको विषय हो । 'वैज्ञानिक समाजवादले व्यहोरेको आसफलता' शीर्षकको आलेख त्यस विषयमा केन्द्रित रहेको छ । वैज्ञानिक समाजवादी व्यवस्थाले वैचारिक, राजनीतिक श्रेष्ठतालाई निरन्तरता दिन नसकेकोले भौतिक सत्तामा क्षति व्यहोर्नुपरेको लेखकको निष्कर्ष छ । लेखकको निष्कर्ष छ, '... संशोधनवादी विचलनहरूले के सावित गरेका छन् भने वैज्ञानिक समाजवादको निरन्तर सफलता कुनै भौतिक शक्तिद्वारा निर्धारित हुँदैन, त्यसको विपरीत सैद्धान्ति एवं वैचारिक सफलता कुनै भौतिक शक्तिद्वारा निर्धारित हुँदैन, त्यसको विपरीत सैद्धान्तिक एवं वैचारिक सहीपनाद्वारा हुन्छ । भौतिक शक्तिमा बलियो भएर पनि वैचारिक-राजनीतिक विचलन भयो भने सत्ता गुमाउन पुगिन्छ, (पृ. ६२) । वैज्ञानिक समाजवादी सत्ताले 'निरन्तर क्रान्तिको सिद्धान्त' लागू गर्न र समयानुकूल विकास गर्न नसक्दा समस्याको भुँमरीमा फसेको लेखकको निष्कर्ष छ । आज मार्क्सको लोकप्रियता घटेको छैन, मार्क्सवादको अनुयायी झन्झन् बढिरहेका छन् र तर मार्क्सवादी सत्ता छैन । यसको रहस्योद्घाटन गर्दै लेखकले विचार र राजनीतिमा विकास गर्नुपर्ने जिकिर गरेका छन् । लेखकले समाजवादी सत्ताको विघटन र त्यसले पैदा गरेको नकारात्मक प्रभावलाई वैचारिक राजनीतक विपत्ति भनेका छन् । विपत्तिको समाधान निरन्तरताले दिन सक्दैन ।

कृतिको सम्भवतः सबैभन्दा महत्वपूर्ण रचना 'वैज्ञानिक समाजवाद असफल हुनुको कारण' हो । रोग पत्ता लगाएपछि नै चिकित्सकले बिरामीको सही उपचार र निदान गर्न सक्छ । समाजवादी सत्ता असफल हुनुमा पुँजीवादी चिन्तकहरूले ' जनतान्त्रिक नभएको र काल्पनिक भएको' दुई थरी आरोप लगाएका छन् । तर, लेखकले तयो आरोपलाई स-प्रमाण खण्डन र अस्वीकार गर्दछन् । 'थोरै भए पनि समाजवादका मान्यतालाई चोर्न र लागू गर्न वाध्य भएको छ । यदि पुँजीवादले समाजवादका विशेषतालाई केही मात्र भए पनि अनुशरण गर्दैनथ्यो र सत्तौ-अठारौं शताब्दीकै अमानवीयता लाद्ने मूर्खता गर्थ्यो भने यो बीसौं शदीमा सम्पूर्ण रूपले नामेट भइसक्थ्यो । पुँजीवादले वास्तवमा समाजवादको श्वास लिएर जीवन चलाइरहेको छ, (उही पृ. ६७) ।' त्यसो भए समस्या कहाँ छ त ? लेखकले त्यसका आन्तरिक र बाह्य दुई कारण सुझाएका छन् । आन्तरिक कारणमा द्वन्द्ववादको गतल प्रयोग, विपरीतको एकत्वलाई बुझ्ने समस्या, वस्तुको रक्षा र विकासमा समस्या सुझाइएको छ । विकासमा स्थिरता हुँदा समस्याहरूको समाधान र नयाँ जनअपेक्षा सम्बोधन भएन भन्ने रहेको छ । मार्क्सले 'वस्तुलाई बदल्नु मुख्य कुरा हो' भन्नुभएको थियो । एक पटक बदलेपछि (क्रान्तिपछि) काम सकियो त ? बदलिएको वस्तुलाई निरन्तर बदलिरहन पर्दैन त ? यहाँ माओको निरन्तर क्रान्तिको सिद्धान्त लागू भएन । त्यसैगरी समाजवादी सत्ता ढल्नुको पछाडि साम्राज्यवादी घेराबन्दीलाई सहायक कारणको रूपमा प्रस्तुत

... बाँकी पृष्ठ ७ मा




## कविता

### दुई कविता


लव प्रधान 'मित्र'

### पैसा परमेश्वर

सबैले पैसा परमेश्वर हो भन्छन् यसको
गुणगान कति गाऊँ ?
कहाँकहाँ र कसकसलाई यसको
बेलीविस्तार लगाऊँ ?
पैसा भए जे पनि हुन्छ भन्छन्
पैसावालाहरु
पैसामा बिक्दा रहेछन् कतिपय नेतारुपी
दलालहरु ।
बिचरा सर्वहाराहरु भ्रष्ट नेताका आहारा
बनेका छन्
तिनैलाई बेचेर नेताजी फुटपाथबाट
करोडपति बनेका छन् ।
सामन्त र भूमाफियाविरुद्ध कसैले उजुरी
नगरे हुन्छ
अन्नदाताको विरोध गर्दा नेताजीको मन
कटक्क खान्छ ।
हुँदा खानेले हुनेखानेको विरोध गरे ऊ
फटाहा बन्छ
किनकि अड्डा-अदालत पनि हुनेखानेको
खल्तीमा हुन्छ ।
खप्पिस हुँदा रहेछन् दुनियाँ ठग्ने बहुरुपी
नटवरलालहरु
तर सधैं सफल हुन्नन् दुनियाँ ढाँट्न
गद्दार लालमाफियाहरु ।
सहिदको सपना बेचेर स्वर्णीय वैभव
भोग्नेहरु
चिनिराख्न जरुरी छ षड्यन्त्रकारी
अनुहारहरु ।
भ्रष्टहरुलाई मोटाउनकै निम्ति सहिदले
रगत दिएका थिएनन्
किसान र मजदुरलाई ठग्नको निम्ति
मार्क्सले दर्शन लेखेकै थिएनन् ।

### नेता बिग्रे हजूर

नेता बिग्रे हजूर कुम्ल्याउने धन्दाले
ठीक त्यसलाई मजदुर फलामे डन्डाले
बेइमान सधैँ अघि पर्ने इमानदारचाहिँ
पछि
यो सत्यलाई ढाकछोप गर्ने कुनै तर्क छ
कि ?
अन्न फलाई किसानले देशकै पेट भर्ने
खाली पेट रित्तो हात किसान-मजदुर मर्ने ।
नेता बिग्रे हजूर...
ठीक त्यसलाई...
नोटको गन्ध सुँघी हिँड्छन् मै हूँ भन्ने नेता
सर्वहाराको नाम बेची मोटाएछन् नेता
भोटको भरमा बन्ने सरकार नोटको
भरमा नेता
कुर्सी मात्र ताक्ने नेता किसान-मजदुर
कता ?
नेता बिग्रे हजूर...
ठीक त्यसलाई...
बेइमानले राजनीतिमा गर्छ जालझेल
इमानदार र बेइमानबीचमा हुन्न कहिल्यै
मेल ।
बुद्धिमानले बोक्नु हुन्न गद्दारका झोला
हो ची मिन्हजस्ता नेता कहाँ पाउने होला
?
नेता बिग्रे हजूर...
ठीक त्यसलाई...
रातो झन्डा बोकी ठग्ने धोकेबाजलाई
चिन्नुपर्छ समयमै मजदुर दाजुभाइ
सहिदको रगतले मोटाएका दुष्ट
हुने छैनन् कहिल्यै तिनी श्रमिकका इष्ट ।
२०६७

## पुँजीवादी ...

गरिएको छ। हामीले चाहने र मिहिनेत गर्ने हो भने आन्तरिक कारणहरू निदान गर्न सकिन्छ र भन्ने यसको निष्कर्ष हो।

सन् १९९० मा पूर्वी युरोपसहित सोभियत संघको पतन र पुँजीवादको पुनरोदयपछि पुँजीवादी प्रजातन्त्रलाई फोकोयामा-हेरिजहरूले 'अन्तिम अस्तित्व' भनेका थिए । उनै फुकोयामा र डेरिडाहरू पुँजीवादले समाधान दिन नसकेकोमा निरास छन् । लेखकले पुँजीवाद समाधान होइन भन्ने विषद व्याख्या 'पुँजीवादको पुनः असफलता र संकट' आलेखमा गरेका छन् ।

कृतिको सातौँ आलेख हो- 'पुँजीवादका खराबीहरू' । यो आलेखमा कृतिकारले पुँजीवादी व्यवस्थाका सीमाहरूको विषयमा व्याख्या गरिएको छ । पुँजीवादको पश्चगामी यात्रा औंल्याउँदै लेखकको भनाइ छ। 'सुरुमा पुँजीवादले सामन्तवादविरुद्ध विद्रोह गर्दा धर्मबाट राज्यलाई अलग गरेको थियो तर आज जब वैज्ञानिक समाजवादले पुँजीवादलाई परास्त गर्न थाल्यो, तब पुँजीवादले आफूलाई पछि फर्काउँदै धार्मिक दृष्टिकोणसँग मिलाउन पुग्यो, (पृष्ठ ९७) ।' यो आलेखको महत्वपूर्ण पक्ष के हो भने पुँजीवादको उत्तर-साम्राज्यवादी अनुहार विस्तारमा उदाङ्गो पारिदिएको छ। पुरानै अनुहारको साम्राज्यवाद कतै नभेटिने तथा यहाँ प्रस्तुत गरिएको छ । त्यसपछि दक्षिणपन्थी संशोधनवादको व्याख्या, चरित्र र त्यसको विरुद्ध संघर्षको महत्व विषयक आलेख हो- संशोधनवादी कम्युनिस्टको जन्म र असफलता। त्यसपछिका थप चारवटा आलेखहरू वैज्ञानिक समाजवादको अनिवार्यता, त्यसका उज्याला पक्षहरू, अपरिहार्यता, प्रतिक्रान्ति शिक्षाहरू र क्रान्तिको कार्यदिशामा केन्द्रित छन् ।

निष्कर्षमा लेखकको भनाइ छ- हामीले समाजवादको असफलतापछिको पुँजीवादलाई हेर्‍यौं भने थाहा हुन्छ, समाजवादको असफलतामा खुसी मनाउनुबाहेक पुँजीवादले मानवसमाजका लागि कुनै नयाँ सिद्धान्त, मूल्य-मान्यता, आदर्श र नयाँपन दिन सकेको छैन । उता साम्यवाद र त्यसका प्रवर्तकको लोकप्रियता बढ्दा-बढ्दै पनि सत्तारुढ हुन र समाज व्यवस्थाका समस्या समाधान गर्न सकिरहेको छैनन्। त्यही ऐतिहासिक दायित्वबोधमा केन्द्रित भएर यो कृति तयार भएको हो । तीन दशकभन्दा लामो राजनीतिक अनुभव, विश्वका क्रान्ति र प्रतिक्रान्तिको अनुभव (नेपालको जनयुद्धसमेत) र झन्डै २ वर्षको अथक मिहिनेतपछि लेखकको यो कृति तयार भएको छ। यसले नेपाली क्रान्ति, रातो झन्डा र मार्क्सवादी साहित्यमा महत्वपूर्ण योगदान गर्नेछ । हरेक चिन्तक, अनुसन्धानकर्ता र मार्क्सवादी विद्यार्थीका लागि यो कृति अध्ययन गर्नैपर्ने कृतिको पङ्क्तिमा अग्रस्थानमा रहेको छ।

## धार्मिक अतिवाद ...

सौच गर्न निस्किएका हिन्दू धर्मगुरु आचार्य श्रीनिवासलाई गोली लाग्नु। उक्त घटना देशैभरि सन्सनीपूर्ण रूप लिएको थियो । आचार्यलाई गोली हानिएको स्थानमा केही 'मंगोल नेसनल अर्गनाइजेसन आर्मी' को नामको पर्चा छरिएको थियो।

आचार्यमाथिको गोली प्रहारलाई लिएर विभिन्न टिप्पणी पनि आएका थिए । नेपाल सबैजसो संसदीय पार्टीका मुख्य नेताहरूले आशीर्वाद लिने गरेका आचार्यमाथि गोली प्रहारले देशैभरि हल्लाखल्ला फैलिनु स्वाभाविक थियो । उनी कट्टर हिन्दू धर्मभीरु मात्र नभएर जनजाति र क्रान्तिकारी कम्युनिस्ट विरोधी पनि रहँदै आएका थिए । त्यसैले त्यो गोली प्रहारलाई उलएर विभिन्न अड्कलवाजी पनि लगाइएको थियो। त्यही क्रममा प्रहरीले माभव चौधरी र लक्ष्मीराज अधिकारीलाई गिरफ्तार गरी अनुसन्धान गरेको थियो। प्रहरीले सोमबार मात्र गोली प्रहारको वास्तविकता सार्वजनिक गरेको छ।

प्रहरीले सार्वजनिक गरेको पछिल्लो विवरणमा हिन्दू धर्म गुरु भनिने आचार्य श्रीनिवास आफैँले आफ्ना अंगरक्षरक माधव चौधरीलाई गोली हान्न लगाएको र हतियारको व्यवस्था अर्का सहयोगी लक्ष्मीराज अधिकारीलाई लगाएको जनाएको छ।

यो घटनाले नेपालमा धार्मिक दङ्गा हुने सम्भावनालाई नकार्दैन । बाह्य शक्तिले जति कोसिस गरेता पनि नेपालमा अहिलेसम्म जातीय र धार्मिक दंगा भँड्किन पाएको छैन। तर पछिल्ला केही घटना र विराटनगरमा भएको योजनाबद्ध षड्यन्त्रले यस्तै धेरै तानावानहरू बुनिराखिएको संकेत गर्दछ।

# ठाउँ–ठाउँबाट नेकपाका नेता–कार्यकर्ता पक्राउ

■ झनक श्रेष्ठ/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी बाग्लुङका इन्चार्ज विकिरण क्षेत्रीलाई नेपालबन्दको दिन शनिबार प्रहरीले पक्राउ गरेको छ। क्षेत्रीलाई पक्राउ गरेको विंषयलाई लिएर नेकपाका धौलागिरि इन्चार्ज विप्लवले एक विज्ञप्ति जारी गर्दै अविलम्ब रिहाइको माग गरेका छन् । यस्तै नेपालबन्दको पूर्वसन्ध्यामा शुक्रबार बेलुका नेकपा प्यूठानका चिन्तामणि घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई मसाल जुलुस निकाल्ने क्रममा पक्राउ गरेको हो । योङ रेड फोर्सका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो संयोजक रोहित ढकाललाई प्रहरीले गिरफ्तार गरेको छ। ढकालसँगै नेकपाका सर्लाही सेक्रेटरी पवन महतोलाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरू दुवैजनालाई महोत्तरीको बर्दिबासबाट पक्राउ गरिएको नेकपा जनकपुर ब्युरोले बताएको छ। घरमा बसिरहेको अवस्थामा प्रहरीले बिनाकारण राजनीतिक आस्थाकै आधारमा आफूनिकट व्यक्तिहरूलाई पक्राउ गरिएको भन्दै नेकपाको जनकपुर ब्युरोले तत्काल रिहाइको माग गरेको छ। नेकपा मोरङका सदस्य तथा कानेपोखरी गाउँपालिकाका सेक्रेटरी दीपक आचार्यलाई पनि प्रहरीले पक्राउ गरेको छ। आचार्यलाई घरबाटै पक्राउ गरेको उनको पारिवारिक श्रोतले जनाएको छ ।

यस्तै योङ रेड फोर्सका केन्द्रीय सदस्य सुमित घर्ती मगरलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई शनिबार बिहान बन्दको दिन बाग्लुङबाट पक्राउ गरिएको हो । घर्तीलाई बिनाकारण पक्राउ गरेको भन्दै योङ रेड फोर्सका केन्द्रीय महासचिव पाटनले एक प्रेस विज्ञपति जारी गर्दै बिनाशर्त रिहाइको माग गरेका छन् । बाँके जिल्ला जनपरिषद् प्रमुख देवबहादुर रोकायलाई बाँकेबाटै प्रहरीले पक्राउ गरेको खबर छ । प्यूठानबाट केशवलाई प्रहरीले पक्राउ गरेको छ चितवनबाट प्रदीप लामालाई गिरफ्तार गरेको छ । इलामको इलाम नगरपालिका ३, जौवारीका काजीमान सुनुवार र सञ्जीव कुमार राई, सूर्योदय नगरपालिका १२, आइतबारेका लाक्पा शेर्पा, इलाम नगरपालिका ३ का चन्द्र थापालाई प्रहरीले सोमबार पक्राउ गरेको छ । यसैबीच समाचार संकलनको क्रममा पक्राउ गरिएका रातोखबर साप्ताहिकका संवाददाता विजय लामालाई प्रहरीले मानसिक यातना दिएको खबर छ । लामालाई शनिबार दिउँसो नेकपाले आयोजना गरेको नेपालबन्दको समाचार संकलन गर्न हिंडिरहेको बेला सर्लाहीको बाग्मती नगरपालिकाबाट प्रहरीले पक्राउ गरेको थियो । पत्रकार पक्राउ गर्नुको कारणबारे प्रहरीले केही बताएको छैन। लामालाई सर्लाहीको हरिवनमा राखिएको छ।

## भारतमा रहेका . ...

ध्रुबले नेपाली जनताको मुक्ति नभएसम्म नेपाली भूमिमा संघर्षको अन्त्य नहुने भएकोले त्यसको नेतृत्व नेकपाले गरेको बताए । आफ्नो पार्टीले नेपाली जनताको पूर्ण मुक्ति नभएसम्म प्रवासी नेपालीहरूको पनि मुक्ति नहुने भन्दै नेपाली जनता र राष्ट्रको समृद्धिबाहेक आफ्नो अर्को कुनै स्वार्थ नभएको बताए । हरियाणा तथा पञ्जाब राज्यको संयुक्त सम्मेलन चण्डीगढको मुहाली क्षेत्रमा भएको थियो । उक्त सम्मेलनमा नेकपाका केन्द्रीय सदस्य तथा प्रवास ब्युरो इन्चार्ज प्रतीकले लाखौँ प्रवासी नेपालीहरूको भविष्यका लागि निरन्तर संघर्ष गरिरहने बताए । सम्मेलनले विष्णु नेपालीको अध्यक्षतामा २६ सदस्यीय नयाँ कार्य समिति निर्माण गरेको छ; जसको उपाध्यक्ष पदम विक, सचिव दुर्गा केसी, सह-सचिव रामचन्द्र रोका, कोषाध्यक्ष रामप्रसाद परियार रहेका छन् । यस्तै सदस्यहरूमा पोषण खडका, टोपबहादुर ओली, विनोद विक, अमर विक, सुजन सारु मगर, भीमबहादुर परियार, तुलसी डाँगी, मस्त केसी, बिष्णु जीएम, पुष्प चन्द, शान्ता बस्नेत, कृष्ण झाँक्री, अमर पुन, कुल, वीर विक र तुलसी पुन रहेका छन् ।

सम्मेलनमा एकता समाजका केन्द्रीय अध्यक्ष आजाद सेन, उपाध्यक्ष दामोदर पङ्गेनी, कोषाध्यक्ष भीमकान्त घिमिरे, केन्द्रीय सदस्य गोविन्द बिसी, महेन्द्र चन्द, तिलक केसी, दिल्ली राज्य सदस्य पुरन थापालगायत उपस्थित थिए । सम्मेलनमा जनसांस्कृतिक परिवारका संयोजक सुशील सुनार, अखिल भारत नेपाली एकता समाजका केन्द्रीय सदस्य केशव थापा र मूल प्रवाह अखिल भारत नेपाली एकता समाजका तेजबहादुर रोकालगायत विभिन्न संगठनका प्रतिनिधिहरूले पनि सहभागी थिए । जनज्योति सांस्कृतिक परिवार नोएडा, दिल्लीका कलाकारहरूले सांस्कृतिक प्रस्तुति देखाएका थिए।

## जीएमआर ...

बम शनिबार बिहान विस्फोट भएको छ। विस्फोटबाट कुनै मानवीय क्षति भने भएको छैन । महोत्तरी जिल्लाको सम्सी गाउँपालिका १ स्थित पर्सामा सिलिन्डर बम विष्फोट भएको स्थानीयले बताएका छन् । त्यस्तै, सिन्धुली जिल्लाको मरिन गापा ५ स्थित तिनपाटनमा पनि बम विस्फोट भएको छ। सिन्धुलीकै कमलामाई नगरपालिका ६ मा भेटिएको बम नेपाली सेनाले डिस्पोज गरेको थियो । यस्तै कैलाली जिल्लाको गौरीगंगामा र चितवनको भण्डारामा शक्तिशाली बम विस्फोट भए। शनिबार बिहान करिब ४ बजेतिर भएको उक्त विस्फोटबाट मानवीय क्षति भने नभएको बताइएको छ। म्याग्दीको बेनिबजार र रुपन्देहीको बुटवल व्यस्त बजार गोलपार्कमा बम विस्फोट भएका छन्।

## ओली सरकारको ...

गरेको देखिन्छ। कुनै पनि देशको दुतावासले सम्बन्धित देशको परराष्ट्र मन्त्रालयको अनुमति लिएर मात्र नागरिकलाई भेटघाट र कार्यक्रम बनाउन वा सहभागी हुन सक्छन् । तर भारतीय दुतावासले भने विकास निर्माण नै आफैँ गर्दै आएको छ । त्यसप्रकारको सम्झौताले सिंहदरबारको शक्ति दुतावासतिर केन्द्रित हुँदै गएको स्पष्ट हुन्छ।

## भारतबाट नेकपा ...

राजनीतिक आस्थाको आधारमा पक्राउ गरिएको बताएको छ । नेकपाका मोरङ इन्चार्ज पुष्करले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै मोरङमा आफ्नो पार्टीका नेता-कार्यकर्तामाथि प्रशासनले गिरफ्तार धरपकड गर्ने र अनावश्यक खानतलासी गरेर दुःख दिने गरेको बताएका छन्। श्रेष्ठले आफ्नो पार्टीमाथि सरकारी पक्षले गरेको दमनको भर्त्सना गर्दै पक्राउ गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बिनाशर्त रिहाइको जोडदार माग गरेका छन्।

# फुटको तयारीसहित माके–एमाले एकताको पहल

■ रातो खबर संवाददाता/काठमाडौं

एमाले र माओवादी केन्द्रको बीचमा कुनै पनि बेला आवश्यक परे फुट्दा राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्ने गरी र निर्णय प्रक्रियामा एउटा घटकको बहुमत नहुनेगरी एकता गर्ने कि निर्वाचनमा प्राप्त मत परिणामको आधारमा पार्टी एकताको साइत जुर्न सकेको छैन । निर्वाचनमा ३३ प्रतिशत मत प्राप्त गरेको माओवादी केन्द्रले ५० प्रतिशत दावी गरिरहेको छ। सो पार्टीका नारायणकाजी श्रेष्ठ, जनार्दन शर्मा, रामबहादुर थापा, पम्फा भुसालगायतका नेताहरू पार्टी फुटे पनि एमालेमा नै बस्ने सोचमा भएकोले ५० प्रतिशतको मागमा अडिएका छैनन् । नारायणकाजी त फेरि फुट्ने गरी भागबण्डा गर्नै नहुने पक्षमा कसरत गरिरहेका छन्। बैद्यबाट अलग भएर बादलसँगै माके प्रवेश गरेका सो पार्टीका एकजना पीवीएम आवश्यक परे फुट्दा राष्ट्रिय पार्टी बन्ने गरी एकता गर्न प्रचण्डले कसरत गरिरहेको खुलासा गर्दछन्। प्रधानमन्त्री र पार्टी अध्यक्षसहित प्रचण्डको हैसियतको प्रश्न पनि छँदैछ। नेतृत्वमा आएपछि कहिल्यै दोश्रो स्थानमा नबसेका र सहयोगी भूमिकामा बस्न नसक्ने चरित्रका प्रचण्ड पार्टी एकतापछिको आफ्नो भूमिका सम्झेर छटपटीमा छन्।

२०४७ सालमा तत्कालीन नेकपा (माले) र मार्क्सवादीबीचमा पार्टी एकता हुँदा पीवी र केन्द्रीय समिति आधा-आधा राखेर बनाइएको थियो। त्यसबेला मालेमा आन्तरिक एकता बलियो थियो, मदन भण्डारीको व्यक्तित्व उत्कर्षमा थियो र मार्क्सवादीको संगठनात्मक आधार अत्यन्त कमजोर भएको कारण महाधिवेशनसम्म ५०-५० प्रतिशत नेतृत्व मान्न सहज थियो। अहिलेको एमाले २०४७ सालको मालेको स्थितिमा छैन, न त प्रचण्डको पार्टी मनमोहन नेतृत्वको मार्क्सवादीजत्तिकै कमजोर छ।

ओली प्रचण्डलाई ४० प्रतिशतसम्म दिन सक्छन्। तर मन्त्री र केही केन्द्रीय सदस्यलाई आफ्नो पक्षमा ल्याएर ओलीले प्रचण्डलाई फुट्न चाहे पनि नसक्ने अवस्थामा पुऱ्याउन सक्छन् । नारायणकाजी, बादल र जनार्दन शर्माले त्यसको संकेत गरिसकेका छन्। त्यसैले प्रचण्डले ५० प्रतिशतको अडानमा छन्। त्यसमा सबैले साथ नदिए पनि 'बार्गेनिङ पावर' आफ्नो हातमा रहिरहने प्रचण्डको बुझाइ छ। तर ओली ३३ प्रतिशत जनमत भएको पार्टीलाई आफ्नै गोडामा बन्चरो हान्ने गरी ५० प्रतिशत दिने पक्षमा छैन । हामीले ओलीलाई त नेता मानेका छौँ, तपाईंलाई नेता मान्न गाह्रो छैन भन्दै पार्टी एकताको लागि प्रचण्डलाई हौस्याएका माधव नेपाल-वामदेव-झलनाथ समूह पनि औपचारिक बैठकमा प्रचण्डलाई ५० प्रतिशत पद दिनुपर्छ भन्न सकिरहेका छैनन् । त्यसैले पार्टी एकता प्रचण्डलाई निल्नु न ओकल्नु भएको छ।

# सीमा अतिक्रमण बन्द गर : ट्रेड युनियन

■ रातो खबर संवाददाता/

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले भारतीय पक्षबाट नेपालका कपिलवस्तु, कञ्चनपुर, झापालगायतका विभिन्न जिल्लामा भएका सीमा अतिक्रमण तथा हस्तक्षेपको विरोध गरेको छ । साथै, महासंघले देशव्यापी रूपमा भएको राष्ट्रघात, जनघात, भ्रष्टाचार, बढ्दो महंगी कालोबजारीविरुद्ध संघर्ष गर्ने नेकपाका नेता-कार्यकर्ताहरूमाथि गरिएको सरकारी दमन र धरपकड बन्द गर्न आग्रह गरेको छ । साथै, पक्राउ गरिएकाहरूलाई बिनाशर्त रिहा गर्न र बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्न सरकारसँग माग गरेको छ।

छैंटौं राष्ट्रिय सम्मेलनका निर्णयहरू सार्वजनिक गर्न मंगलबार आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत महासंघले यस्तो माग गरेको हो । महासंघले भारतसँग विभिन्न समयमा गरिएका सम्पूर्ण असमान सन्धि-सम्झौताहरू खारेज गरी अहिले अतिक्रमण गरिएको नेपाली भूगोल निःशर्त फिर्ता गर्न माग गरेको छ। यस्तै अस्थायी, ज्यालादारी करार र ठेकेदारी प्रथाको अन्त्य गरी मजदुरहरूलाई स्थायी नियुक्ति पेन्सनको व्यवस्था गर्न पनि सरकारसँग माग गरिएको छ।

# अदालतबाट रिहा भएकाहरू प्रहरीद्वारा पक्राउ

■ रातो खबर संवाददाता/

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका मेची ब्युरो सदस्य दीपक लकान्द्री र झापा जिल्ला सदस्य दीपक कुरुम्बाङलाई मंगलबार रिहा हुनवित्तिकै प्रहरीले पुनः पक्राउ गरेको छ। दुवै जनालाई जिल्ला अदालत झापाको आदेशमा जनही २५ हजार धरौटी छोडिए पनि प्रहरीले अदालत परिसरबाटै पक्राउ गरेको हो । यसअघि जिल्ला कारागार झापामा रहेका उनीहरूलाई अहिले जिल्ला प्रहरी कार्यालय सुनसरी चलान गरिएको छ । उनीहरूलाई गत चैत १५ गते बुद्ध शान्ति गाउँपालिकामा एनसेल टावरमाथि भएको आगजनीको आरोपमा घरमा बसिरहेका बेला झापा प्रहरीले गिरफ्तार गरेको थियो । जिल्ला अदालतको आदेश रिहा भएका बन्दीहरूलाई अनाहकमा प्रशासनले दुःख दिएको नेकपा झापा सेक्रेटरी सौगात आचार्यले बताएका छन्। सेक्रेटरी सौगातले राज्यको यस्तो घिनलाग्दो रवैयाका विरुद्ध प्रतिरोध संघर्षमा उत्रने बताएका छन् । आचार्यका अनुसार नेकपाका कार्यकर्ताहरूलाई पक्राउ गरेको २५ दिनपछि जिल्ला अदालत झापाले जनही २५-२५ हजार धरौटी लिएर छोड्नू भनी आदेश गरेको थियो । तर, उनीहरूले धरौटी बुझाउन नसकेपछि पुनः जिल्ला कारागार पठाइएको थियो । पछि उनीहरूको धरौटी जम्मा भएपछि अदालतले रिहाको आदेश गरेको थियो तर प्रहरीले उनीहरूलाई कारागार परिसरबाटै गिरफ्तार गरी सुनसरी लगेको छ।



नियमित

# नेतादेखि भरियासम्म सुन तस्करहरूको जालो र चलखेल



कलाधर आचार्य

सुन तस्कर प्रकरणमा 'लहरो तान्दा पहरो नै थर्कला' जस्तो भइरहेको छ। यहाँनेर पटक-पटक विभिन्न संचार-माध्यममार्फत प्रस्तुत भई खास गरी एभिन्यूज समाचारको खबरभित्रको खबरमा, न्यूज २४ मा र सगरमाथा च्यानलमा प्रस्तुत भएका अभिव्यक्तिहरू बहुतै सान्दर्भिक, जायज र सही देखिन्छन्। पूर्व डिआइजी केशव अधिकारीजी विश्लेषक पनि हुनुहुन्छ। सही ठाउँमा सही, योग्य र सक्षम व्यक्तिको अभावका कारणबाट यस्ता अपराधिक घटनाहरू घटिरहेका छन्। जबसम्म यसको निराकरण हुँदैन यो यसरी नै मौलाउँदै जान्छ। हतकडी लगाइदिने हातहरूमा नै हतकडी लगाइएको छ र पानी मुख्य मुहानमा नै फोहोर प्रदूषण भएपछि तलतिर बग्दै आउँदा कहाँबाट कसरी सफा पानी प्राप्त गर्न सकिन्छ र! योग्य, अनुभवी र दक्ष व्यक्तित्वहरूलाई ओझेलमा पारिएको छ र यस्तै-यस्तैहरूको सेटिङ मिलाई यो सुन तस्करको जालोले उग्ररूप लिँदैछ। साढे ३३ किलो सुन प्रकरण सेलाई सकेको अवस्था थियो, यसै क्रममा जब त्यो सुन सही ठाउँमा पुग्न सकेन र हरायो, हराइरहेको छ। तब सुरु भयो चलखेल र खोजतलास। तस्करीमार्फत ल्याइएको सुनको अभिलेख राख्ने जिम्मा झापास्थित सनम शाक्यलाई यो गिरोहबाट एकाउन्टेन्टको रूपमा राखिएको थियो। तर, सुन सम्बन्धित ठाउँमा पुग्न नसकेपछि उनीमाथि शंकाको दृष्टिले नजर लगाई यो वा अरूहरू बाँकी भेद खुल्छ भन्ने अभिप्रायःले ब्याट्री चार्ज गरी करेन्ट लगाएर झापाको जंगलको एक कुनामा अर्को विभत्स तरिकाले हत्या गरियो भनी सनसनीपूर्ण तरिकाले यत्रतत्र नरसंहारको यो घटना फैलिन पुग्यो। अर्कोतिर परिवारहरूले पनि छोराको यसरी मृत्यु भएको थाहा पाए तर परिवारका सदस्यहरूले छोरालाई पूर्व नै बाबु यस्तो नराम्रो कार्यमा नलाग, छोड भनी सल्लाह त दिइरहेका थिए। तैपनि उनीले स्वीकारेनन्। त्यसपछि न्यायको खोजीमा भौतारिँदै उनीहरू काठमाण्डौ पुगी प्रमको कार्यालय र गृहमन्त्रालयमा न्याय पाउने आशा राख्दै निवेदन प्रस्तुत गर्न पुगे। गृहकै एकजना सहसचिवको संयोजकत्वमा ६ सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग टोली गठन भयो र कार्य गर्दै जाँदा यहाँसम्म आयोग आइपुगेको छ र ६२ जना विरुद्ध विभिन्न थरीका मुद्दाहरू जाहेर भएका छन्। १३ जना वायुसेवा निगमका कर्मचारीहरू, ६-७ जना तल्लो तहदेखि उच्च सुरक्षा निकायका पदस्थ कर्मचारीहरू र बहालवाला एसएसपी दिवेश लोहनी तथा ५-७ जना व्यापारीहरू अन्य अभियुक्तहरू गरी ३२ जना समातिएका र ३० जना मुख्य योजनाकार चुडामणि शर्मा उप्रेती (गोरे) लगायतका अपराधीहरू अझै फरार नै छन् र खोजी कार्य जारी नै छ।

गत १९ गते न्युज २४ मा २०४० सालदेखि हालसम्म पनि सुन तस्कर प्रकणमा गोरेसँगै काम गर्दै आइरहेका राप्रपाका नेता भुजुङ गुरुङले ४ वर्षयता ३८ क्विन्टल सुन यही गिरोहबाट भित्रिइसकेको बयान तथा चूडामणि शर्मा उप्रेती (गोरे) बाट ३४८ किलो सुन तस्कर भएको अभिव्यक्ति, यस्ता अरू पार्टीका उच्च पदस्थ नेताहरू र गृहकै उच्च पदस्थ पदाधिकारीहरूको अप्रत्यक्ष रूपमा संलग्नता भएको स्पष्ट देखिन्छ। उनीहरूकै छत्रछायामा संरक्षण भइरहेका छन्। यति ठूलो मात्रामा यी अपराधीका कृयाकलापमा संलग्न व्यक्तिहरू समातिएको यो पहिलो पटक हो। २०५४ सालमा भ्यानमा सुन पास गराई बाहिर निस्कँदै गर्दा बिचबाटोमा टायर नै पन्चट भई अलपत्र परेको, अब टायर नै पन्चट हुनेगरी कति सुन तस्कर भएको रहेछ। यसमा गृहमन्त्रालयकै उच्चपदस्थ पदाधिकारीको संलग्नता थियो भनी केशव अधिकारीले प्रस्ट्याउनुभयो तर नाम सार्वजनिक गर्नुभएन। गत केही समयअगाडि ८८ किलो सुन तस्कर प्रकरणमा ११ जना व्यक्तिहरू समातिएकोमा केही सामान्य धरौटीमा त कोही तारेखमा छुटे तर बिचरा भारी बोक्ने भरियासरह नै भनौँ, आखिरमा एकजना सवारी चालकमाथि कानुन प्रहार गरी जेल चलान गरियो। कति हास्यास्पद र घीनलाग्दो न्याय। सुन्नमा आएको छ यो प्रकरणमा कांग्रेसका एकजना वरिष्ठ नेताको संलग्नता र संरक्षण छ रे! यो मुद्दालाई पुनः दोहोऱ्याएर को, कसको संरक्षण र संलग्नता छ अनि गिरोह चलिरहेको छ। यसको पनि छताछुल्ल हुने गरी पर्दाफास हुनु आवश्यक छ। 'धान खाने मुसो चोट खाने भ्यागुतो', यो प्रवृत्तिको अन्त्य गरिनुपर्दछ, अन्यथा यो प्रकृया चलिरहन्छ।

बयानको क्रममा अदालतमा पुग्दा बहालवाला एसएसपी दिवेश लोहनीले कस्तो हतकण्डा मच्चाए, उल्टै स्वतन्त्र पत्रपत्रिका जगत् र संचार-माध्यमको खिल्ली उडाई रिपोर्टिङको क्रममा पुगेकाहरूलाई हातपात गर्ने, लात्तैलात्ताले हिर्काउन खोज्ने र मिडियाको क्यामरासमेत खोज्ने दुष्प्रयास गर्नु के यो जायज हो त? उनी निर्दोषी थिए भने त आवेशमा प्रस्तुत हुन आवश्यक नै थिएन, यो त चोरको खुट्टा काटभन्दा अगाडि नै खुट्टा जोगाउन खुट्टा माथि उचालेजस्तो भयो। यो विषयमा उनीप्रति सरकारले छुट्टै कारवाही गरिनुपर्दछ।

सारांशमा व्यक्ति गर्नु पर्दा दुवईतर्फ रहेका फरार चूडामणि शर्मा उप्रेती (गोरे) प्रस्तुत भई उनकै बयानबाट पनि सायद सम्पूर्णहरूको पर्दाफास त भइहाल्छ, ३-३ जना व्यक्तिमध्ये २ जनाले आत्महत्या गरे भने १ जना सनम शाक्यको हत्या नै गरियो कि कतै त्यसो हुने त होइन। त्यस्तो घटना घटिहाल्यो भने पनि उनको पछाडि बाँकी भुजुङ गुरुङलगायतको गिरोह त छँदैछ। "धनदेखि महादेवका तीन नेत्र" भनेझैँ कहीँ कतै स्वतन्त्र र निष्पक्ष न्यायालयले पनि न्याय गर्दा चाहे जुनसुकै होस् आफ्नो छबि र अस्तित्व बचाउन सफल होस्, कसैको दबाब र प्रलोभनमा नफसोस्। अन्याय भएको अवस्थामा स्वतन्त्र न्यायपालिकामाथि नै प्रश्नचिन्ह खडा हुन सक्छ। निर्दोष व्यक्ति नफसोस् र दोषीहरूलाई कानुनको फन्दामा पारियोस्। तटस्थ भएर न्याय गरी कानुन प्रयोग गरिदा 'सानोलाई ऐन ठूलोलाई चयन' नहोस्। कानुन अन्धो बन्न नपुगोस्।

अझै दुई-दुईवटा अन्तर्राष्ट्रिय विमानस्थलहरू निर्माण हुँदैछन्, निर्माणपश्चात् तीन-तीन गोटा अन्तर्राष्ट्रियस्तरका विमानस्थल संचालन भइसकेपछि त सुन त तँछाडमँछाड गरी आउने क्रम हुन्छ होला र यो तस्करी गिरोहले उग्ररूप लिन्छ, यदि समयमा नै यसको निराकरण गरिएन भने। आकास मार्ग पनि त हुनुपऱ्यो, अहिले त भारतले एक रुट सिमराको बाटो हुँदै आउन सक्ने अनुमति दिएको छ, के त्यही एक रुटले यो चापलाई धान्न सक्छ र एउटै रुटबाट आउन सम्भव छ। सरकारले पहल गर्न पऱ्यो। भारतस्थित भू-भागको आकासको जुनसुकै बाटो भएर आउन पाउने सहमतिको आवश्यकता पर्दछ। हुन त प्रम ओलीले घरीघरी स्थलमार्ग, जलमार्ग त रोकिएका छन् तर हुँदाहुँदै अकासमार्गसमेत रोक्ने प्रयास गरिरहेका छन् भन्नसम्म भ्याउनुभएको छ। उनीहरूले जासुसी वा अन्य कृयाकलाप गर्दा हाम्रो देशको जुनसुकै भू-भागको आकाशबाट जहाज उडाउन पाउने, अनि हामीहरू किन बंचित हुनुपर्ने? अधिकारप्राप्त निकाय निदाइरहेको छ, कुनै चासो, खाँचो छैन। को, किन आयो, कसरी के गरेर गयो? सोको ख्याल पनि राख्नुपर्ने तथा जसरी चराचुरुंगी तथा पन्छीहरू विश्व आकासको जुनसुकै भू-भागमा पनि बिना-रोकावट स्वतन्त्रपूर्वक तवरले उडिरहेका, घुमिरहेका हुन्छन् तर हामीलाई त्यो अधिकारबाट समेत बञ्चित गरिएको छ। के हामीलाई मानवरूपी पिँजडाको सुगा बनाई आफ्नै इशारामा र स्वार्थमा मात्रै सीमित राख्न नचाउन खोजिएको हो त?

जाँदाजाँदै एकजना छिमेकी मित्रले कुनै समयमा भनेका थिए, 'नेपाल तस्करहरूको देश हो', नभन्दै प्रमाणित नै हुन्छ कि। विभिन्न सेवा र पदमा कार्यरत सुरक्षा निकायलगायतका लगभग त्यहाँ कार्यरत १५० संघ, संस्थाहरूको आँखा छलेर जादु नै गरेझैँ गरी कसरी सुन बाहिरिन्छ? यही विषय नै रहस्यमय भइरहेको छ। हालसम्मको यो रहस्यको पर्दाफास हुनु नितान्त आवश्यकता छ।

आखिरमा यसरी के फाइदा छ त, एक किलो सुन बराबर तिर्नुपर्ने भन्सार रकम रु. पाँचलाख छली तस्करी गरी विमानस्थल बाहिर ल्याइसकेपछि त्यो रकम भन्सारमा तिर्न नपर्ने भई फाइदा हुन्छ।

# कास्कीका भूमिहीन सुकुम्बासीहरु संगठित

रमाकान्त बास्तोला/पोखरा




सरकारले नेकपामाथि दमनको नीति अघि सारिरहेको अवस्थामा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आफ्नो संगठन निर्माण, विस्तार तथा जनसम्बन्ध सुदृढीकरण अभियानलाई तीब्रता दिइरहेको छ। यसैक्रममा कास्की जिल्लामा पनि नेकपाले विभिन्न भातृ संगठनको जिल्ला सम्मेलन तथा भेला गरी संगठन सुदृढ गरिरहेको छ भने जनसम्बन्ध सुदृढीकरण अभियानअन्तर्गत विभिन्न कार्यक्रम गरिरहेको छ।

यसैबीच अखिल नेपाल भूमिहीन सुकुमबासी संघ, कास्कीको जिल्ला भेला मंगलबार पोखरामा सम्पन्न भयो। भेलाले टीकाराम घिमिरेको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ। सो नयाँ कार्य समितिमा कमल खड्का उपाध्यक्ष र दिलबहादुर सुनार सचिव रहेका छन्।

उक्त भेलाको उद्घाटन गर्दै नेकपाका गण्डक ब्युरो सदस्य एवं कास्की जिल्ला सेक्रेटरी रुपेशले विभिन्न राजनीतिक पार्टीले संसदीय चुनाव जित्न सुकुमबासीहरुलाई प्रयोग गरे पनि चुनाव जितेपछि सुकुमबासीहरुको समस्या समाधान गर्न बेवास्ता गर्ने गरेको आरोप लगाए। उनले संसदीय राजनीतिमा लागेका राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरुले गरीब, किसान, मजदुर र सुकुमबासीहरुको समस्या समाधान गर्नै नसक्ने तर्क राखे। उनले गरिब, किसान, मजदुर, सुकुमबासीलगायत सर्वहारावर्गको मुक्तिका लागि आफूहरु बलिदानी दिन तयार रहेको बताउँदै वर्गीय मुक्तिका लागि संघर्ष उत्रिन सबैलाई आग्रह गरे।

आफ्नो पार्टीको नाममा जग्गा दिलाइदिने, न्याय दिलाइदिनेलगायत विभिन्न प्रलोभन दिएर विभिन्न स्थानमा विभिन्न व्यक्तिहरुले रकम उठाइरहेको जानकारी आइरहेको उल्लेख गर्दै उनले पार्टीको नाममा हुने ठगीबाट बच्न सचेत रहन भूमिहीन, सुकुमबासीहरुलाई सचेत गराए।

नेपाल कम्युनिस्ट पार्टी गण्डक ब्युरोका सदस्यहरु जगन तिवारी, गोकुल पराजुली, सुजन विक, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मिलन राई, अनेमसंघ क्रान्तिकारीकी केन्द्रीय सदस्य प्राप्ति विकलगायतका वक्ताहरुले आफ्नो हक र अधिकार प्राप्तिका लागि सम्पूर्ण भूमिहीन सुकुमबासीहरु कसैको प्रलोभनमा नपरी एकजुट भएर लड्नुपर्ने कुरामा जोड दिएका थिए।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
व्यवसायिक कृषि तथा व्यापार आयोजना
सल्लाघारी, महाराजगंज, काठमाडौं

यस आयोजनाको म्याद २०७५ साल असार १५ गते समाप्त हुने र अझै पनि कतिपय उपआयोजनाहरु कार्यान्वयनको विभिन्न चरणमा रहेका छन्। यसर्थ ती उपआयोजनाहरु समय सिमाभित्रै सम्पन्न गरी सम्झौता बमोजिम किस्ता भुक्तानी लिनु हुन अनुरोध छ। सम्बन्धित आयोजनाको समाप्ती पछि कुनै पनि अधुरो कार्यहरुको जिम्मेवारी दातृ निकाय, आयोजना र नेपाल सरकार कसैले पनि लिन नसक्ने भएकोले समयसिमा भित्रै सम्पन्न गरी भूक्तानी लिन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।




खानेपानी तथा ढल निकास विभागको सर्वसाधारणमा अनुरोध

देशको विभिन्न भागमा दुषित पानी तथा खानाको माध्यमबाट झाडा पखाला, जन्डिस, आदि रोगहरु फैलन सक्ने सम्भावना भएको हुँदा रोगबाट बच्न निम्न लिखित कुराहरुको अनिवार्य पालना गर्न यस विभाग सम्पूर्ण महानुभावहरुमा हार्दिक अपिल गर्दछ।

- पानी उमालेर पिउने गरौं। उमाल्न नसकेमा १ लिटर पानीमा ३ थोपाका दरले क्लोरिन झोल वा क्लोरिन चक्की पानीमा हालेर आधा घन्टा पछि मात्र पिउने गरौं।
- क्लोरिन चक्की प्रयोग गर्दा १ लिटरमा राख्ने, ५ लिटरमा राख्ने, १० लिटरमा राख्न पाइने हुँदा एकीन गरी चक्की पानीमा घोलेर कम्तिमा १/२ घन्टामा प्रयोग गरौं।
- दिशा पिसाब चर्पीमा मात्र गर्ने गरौं। चर्पी नभएमा अस्थायी चर्पी बनाएर भए पनि प्रयोग गरौं।
- फलफूल, सागपात र तरकारी सफा पानीले राम्रोसँग धोएर मात्र प्रयोग गरौं। बासी, सडेगलेका झिंगा भन्केका तथा खुला राखिएका खानेकुरा प्रयोग नगरौं।
- खाना पकाउनु अघि, खाना खानु अघि, शौचालय प्रयोग गरिसकेपछि, केटाकेटीहरुका दिशा धोइसकेपछि, गाइवस्तु र पशुपंक्षीको सम्पर्कमा आइसकेपछि तथा खेतबारीमा काम गरिसकेपछि अनिवार्य रुपमा साबुन पानीले हात धोऔं। मरेका पशुपंक्षीलाई तुरुन्तै गाडौं र सम्भावित महामारीबाट बचौं।
- पकाईसकेका खाना तथा शुद्धिकरण गरेको पानीलाई राम्रोसँग छोपेर राखौं।
- पिउने पानीका स्रोत संरक्षण गरौं।
- तराईका भूमिगत खानेपानी स्रोतको आर्सेनिक परिक्षण गरी सुरक्षित पानी मात्र प्रयोग गरौं।
- खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरी वितरित खानेपानीको गुणस्तर सुनिश्चित गरौं।
- पानी परीक्षण गर्न तथा पिउने पानी सुरक्षित गराउन क्लोरित झोल वा चक्की आवश्यक भए जिल्ला स्थित खानेपानी डिभिजन/सब-डिभिजन कार्यालयहरुमा सम्पर्क राखौं।

खानेपानी तथा ढल निकास विभाग
**खानेपानी गुणस्तर शाखा**, पानी पोखरी, काठमाडौं

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं